काठेखोला गाउँपालिका

# गाउँसभाका १७ औं अधिवेशन-२०८२

# नीति तथा कार्यक्रम


काठेखोला गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बिहुँकोट, बागलुङ

# काठेखोला गाउँपालिका

# गाउँसभाको १७ औ अधिवेशन-२०८२

## अध्यक्ष श्री राजु थापा ज्युद्वारा प्रस्तुत

# नीति तथा कार्यक्रम

**उपस्थित गाउँसभा सदस्य ज्युहरु,**

काठेखोला गाउँपालिकाको गाउँसभाको १७ औं अधिवेशन-२०८२ को अवसरमा यहाँहरु सम्पूर्णमा हार्दिक स्वागत एवम नमस्कार गर्दछु ।

इतिहासका विभिन्न कालखण्डमा निरंकुश र तानाशाही शासन व्यवस्था विरुद्ध भएका क्रान्ति तथा लोकतान्त्रिक आन्दोलनमा आफ्नो अमुल्य जीवन आहुति गर्नुहुने ज्ञात अज्ञात सहिदहरु प्रति उच्च सम्मान व्यक्त गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै लोकतान्त्रिक जनआन्दोलनका घाईतेहरु प्रति पनि उत्तिकै सम्मान व्यक्त गर्दछु । देशको युगान्तकारी परिवर्तनका लागि बिभिन्न समय र कालखण्डमा भएका राष्ट्रियता, लोकतन्त्र, गणतन्त्र र जनजिविकाको आन्दोलनमा अगुवाई, नेतृत्व एवम समाहित हुनुहुने सम्पुर्ण अग्रजहरुको त्याग, समर्पण र योगदानको पनि उच्च सम्मान सहित कदर गर्दछु ।

काठेखोला गाउँपालिकाको १७ औं गाउँसभा अधिवेशनको लागि शिक्षा समिति तथा प्र.अ.हरु संगको छलफलमा सहभागी भएर घर फर्किने क्रममा मिति २०८२ जेष्ठ २९ गते काठेखोला गाउँपालिका-४ तंग्रामको थारागाममा भएको गाडी दुरघटनामा गम्भिर घाइते हुनुभएका शिक्षा समिति सदस्य तथा श्री धारा मा.वि.काठेखोला-४ तंग्रामकाका प्र.अ. श्री कमला थापा र श्री जनएकता आधारभूत विद्यालय, काठेखोला-३ धम्जाका प्रधानाध्यापक श्री माया कुमारी सुनारको सिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । साथै वहाँहरु दुवै जना हाल पोखरा स्थित फेवासिटी हस्पितलमामा उपचार भईरहेको र स्वास्थ्यमा क्रमिक सुधार भईरहेको सभा समक्ष जानकारी गराउदछु ।

नेपाली जनताको बीरतापुर्ण आन्दोलन, संघर्ष र जनअभिमतबाट एकात्मक राज्य ब्यवस्थाको समुल अन्त्य गर्दै स्थापित संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन ब्यवस्था र सोही व्यवस्थाको माध्यमबाट स्थापित यस काठेखोला गाउँपालिकाको स्थापना भएको झन्दै ९ बर्ष पुगिसकेको छ । काठेखोलाबासी जनताबाट हामीलाई काठेखोला गाउँपालिकाको सुन्दर भविष्यको रुपरेखा कोर्ने अभिभारा प्राप्त भएको पनि तीन बर्ष व्यतित भइसकेको छ । यो अविधिमा हाम्रो कार्यकालको ६ वटा र अघिल्लो कार्यकालको १० वटा गरी १६ वटा गाउँसभाहरु सम्पन्न गरिसकेका छौ । यस अवधिमा म र मेरो नेतृत्वमा रहेको कार्यपालिकाले नागरिकहरुको गुनासा, माग, समस्याहरुलाई बढी भन्दा बढी समाधान गर्दै निरन्तर विकास, परिवर्तन र सुशासनको पक्षमा श्रोत र जनशक्तीको भरपुर उपयोग गर्दै हामीले सुशासन, विकास र परिवर्तन थुप्रै कार्यहरु गरिसकेका छौ । हामीले जनताको विचमा गरिएका प्रतिवद्धताहरु पुनः एकपटक स्मरण गर्दै सक्षम, सचेत, सवल र सफल नागरिक बनाउदै सेवा प्रवाहमा शुसासन र समृद्धिको चमक दिने गरी बाँकी अवधि पनि पुरा गर्न दृढ संकल्प गर्दछु । साथै छिटो छरितो र गुणस्तरिय सेवा प्रवाह, जनउत्तरदायी जनप्रतिनिधि र जिम्मेवारी वोधले युक्त राष्ट्रसेवक कर्मचारीहरुको सामुहिक वुझाइ र जनता प्रतिको सुझवुझपुर्ण दायित्व वोधले हामीलाई समृद्ध र विकसित गाउँपालिका निर्माणको अभिभारा पुरा हुनेछ भन्ने विश्वास समेत गरेको छ । नेपाली जनताको लामो समय सम्मको आन्दोलन, संघर्ष र

जनअभिमतबाट एकात्मक राज्य व्यवस्थाको अन्त्य गर्दै संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट स्थापित स्थानिय सकार अन्तरगत काठेखोला गाउँपालिकाको यस गरिमामय १७ औं गाउँसभामा आ.व.२०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा म आफुलाई निकै हर्ष र गौरवान्वित भएको महसुस गरेको छु ।

बार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई महत्वपुर्ण सल्लाह सुझाव दिनुहुने काठेखोला स्थित सम्पुर्ण आमावुवा दाजुभाई तथा दिदीवहिनीहरुमा हार्दिक आभार एवम कृतज्ञता व्यक्त गर्दछु ।

नागरिकहरुको सबैभन्दा नजिकको सरकारका रुपमा स्थापित स्थानीय सरकारको सरकार प्रमुखको रुपमा नीति तथा कार्यक्रम प्रस्तुत गरिरहदा काठेखोला वासीहरुको अनुहारमा खुशी, समग्र विकास, परिवर्तन र समृद्धिको झलक दिने गरि हाम्रा हरेक नागरिकहरुको उत्कट चाहनालाई सम्वोधन गर्ने दृढ संकल्प गर्दछु । हाम्रो र यहाँका नागरिकहरुको सुशासन प्रतिको चासो, छिटो छरितो र गुणस्तरिय सेवा प्रवाह, जनउत्तरदायी जनप्रतिनिधि र जिम्मेवारी वोधले युक्त राष्ट्रसेवकहरुको सामुहिक वुझाइ र जनता प्रतिको सुझवुझपुर्ण दायित्व वोधले समृद्ध र विकसित गाउँपालिका निर्माणको अभिभारा पुरा हुनेछ भन्ने विश्वास गरेको छु ।

नेपालको संविधान २०७२ ले परिकल्पना गरेको तीन तहको सरकार मध्ये जनताको सबैभन्दा नजिकको सरकारका रुपमा रहेको स्थानिय सरकारको दोश्रो कार्यकालमा हामी रहेका छौ । मिति २०७९ वैशाख ३० गते सम्पन्न भएको दोश्रो स्थानिय तहको निर्वाचन मार्फत जनताको भारी जनादेशले हामीलाई यो पालिकाको समृद्धि र विकासको जिम्मेवारी प्राप्त भएको छ । सुन्दर समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प समस्त गाउँपालिका बासीको समृद्धिको चाहाना र हामीले निर्वाचनको क्रममा हाम्रा मतदाता एवम आम नागरिकहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आ.व.२०८२/०८३ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौ । यसका लागि दिगो विकासको राष्ट्रिय लक्षहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पुर्वाधार निर्माण सहित स्थानीय श्रोत र साधनको पहिचान एवम परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध गाउँपालिका र सुखी जनताको लक्ष्य हासिल गर्न सार्वजनीक, निजीक्षेत्र र समुदायको साझेदारी विकास गरि हाम्रो गाउँपालिकालाई उत्कृष्ट गन्तव्यको रुपमा स्थापित गर्दै हरेक क्षेत्रमा पहिचान कायम गर्ने यस नीति तथा कार्यक्रमले मुख्य लक्ष्य लिइएको छ ।

देश अल्प विकसित मुलुकबाट विकासशील मुलकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन हजारौको संख्यामा युवाहरू रोजगारीको खोजीमा देश छोडेर विदेसिनु पर्ने बाध्यताले हामी सवैलाइ गम्भीर वनाएको छ । हाम्रा गाउँघरहरू सुनसान वस्तीका रूपमा रूपान्तरित हुन पुगेका छन । उब्जाउ खेतवारीहरु घाँस पलाएर बाँझो जमिनको रुपमा परिणत हुन पुगेका छन । युवालाइ देश भित्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको वसाइलाइ आकर्षक वनाउने चुनौती हामी सबैको साझा मुद्दा बन्न पुगेको छ । यस्तो परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनर्उत्थानशील क्रियाकलाप मार्फत अझ बलियो र मजबुत बनाउदै तिब्र र दिगो आर्थिक विकास सहितको समृद्ध गाउँपालिका निर्माणको मुल लक्ष्य हासील गर्नुपर्ने छ । यसका लागि हाम्रो गाउँपालिकाका हरेक नागरिकहरुलाई आय आर्जन र आर्थिक समृद्धिको यात्रामा समाहित गर्दै हरेक क्षेत्रमा आर्थिक विकासका कार्यक्रमहरुलाई विशेष जोड दिनुपर्ने अवस्था सिर्जना भएको छ भने गाउँपालिकाबाट नागरिकहरुका लागि हुने सेवा प्रवाहलाइ थप प्रभावकारी बनाइ नागरिकहरुमा सुशासनको अनुभूति ल्याउन गाउँपालिकाको हरेक क्षेत्रमा क्षमता विकास गर्न समेत अपरिहार्य छ। यसका लागि बिद्युतीय सुशासन प्रणालीलाइ सेवा प्रभावमा ब्यापक र प्रभावकारी वनाउनु पर्ने अवस्था देखिन्छ ।

लामो समयको रिक्तता, नेपाली जनताको ब्यग्र प्रतिक्षा, अनवरत संघर्ष, आन्दोलन र बलिदानबाट मुलुक एउटा संघिय संम्रचना सहितको नयाँ युगमा प्रवेश गरेको छ। समुन्नत नेपालको समुन्नत अवधारणा सहित सिंगो देश समृद्धि र रुपान्तरणको महान अभियानमा अभ्यासरत छ । आफ्नै प्रतिनिधिहरुद्धारा

आफ्नै संविधान बनाउने सुअवसर प्राप्त गरेका हामी नेपालीहरु आफुले चाहेको, खोजेको, रोजेको र रुचाईएको संविधानमा हामी हाम्रा स्वर्णिम सपनाका यथार्थताहरु खोज्दै विकास, परिर्वतन र समृद्धिका आयामहरु खोज्दैछौ । निराशाले भरिएका हाम्रा अनुहारहरुमा नयाँ आशा र उमंगको चमक छाएको छ । आस्था र बिस्वासको जग अझ बलियो बन्दै गहिरहेको छ । भोक, रोग र शोकका घाउहरु बिस्तारै ओभाउदै छन । ऐन कानुनका प्रत्येक धारा, दफा र उपदफाहरु न्याय, समानता र स्वतन्त्रताका स्वर्णिम सब्दहरुले भरिएका छन । जनताबाट निर्वाचित हामी जनप्रतिनिधिहरु जनताको सेवा र विकासलाई प्राथमिकताको पहिलो सुचिमा राखी जनताको दुख पीर र अप्थ्यारोमा साथ दिदै आ-आफ्नो पालिकाको विकास र समृद्धिको अभियानमा जुटिरहेका छौ ।

देशको संघिय संरचना अनुसार संघ, प्रदेश र स्थानीय तह गरि हामी तीन तहको सरकार सञ्चालनको नविनतम अभ्यासमा अभ्यासरत छौ । हामी सवैको चाहना र आवश्यकताले सिहदरवारको अधिकार नागरिकको घरदैलोमा पुऱ्याउने महत्वकाँक्षी सोचका साथ स्थानीय सरकारको स्थापना भएको हो । जनताको सवैभन्दा नजिकको सरकारको रुपमा स्थापित रहदै नागरिकहरुको घरदैलोमा सेवा प्रदान गर्ने आधार स्तम्भको रुपमा रहेको स्थानीय सरकारले स्थापनाको यति छोटो अवधिमै संघियताको सवलिकरण, लोकतन्त्रको सुदृढीकरण, जनअपेक्षित विकास, परिवर्तन प्रतिको संवोधन र संविधान प्रदत्त जिम्मेबारी र भुमिका निर्वाह गर्ने सवालमा महत्वपूर्ण भूमिका राख्दै आएको छ । निकै लामो समयसम्म स्थानीय जनप्रतिनिधि विहिन अवस्था भोगेका आम नागरिकहरु यतिवेला आफ्नै घरछेउको स्थानीय सरकार मार्फत थप अधिकार सहितको सेवा लिन पाउनु साँच्चिकै सुखद पक्ष हो । विकासमा संघ, प्रदेश र स्थानीय तहको प्रत्यक्ष उपस्थिति देखिनुका साथै टोल, छिमेक र गाउँ समाजको विकासमा अगुवाई, सहजिकरण र व्यवस्थापनमा नागरिकहरुको प्रत्यक्ष संग्लग्नता रहनु अर्को सुखद पक्ष हो । जसका कारण गाउँमा विस्तारै विकास र परिवर्तनको रुपहरु एक पछि अर्को गर्दै क्रमशः देखिन थालेका छन । सुशासन र नागरिकहरुका दैनिक जनजीवनका कामहरु सहज र सजिलो बन्दै गहिरहेका छन । जनप्रतिनिधिहरुको नेतृत्व र नागरिकहरुको साथ सहयोगका कारण स्थानीय सरकार अझ बलियो, मजवुत र शक्तिशाली बन्दै गहिरहेको छ । स्थानीय सरकारलाई बढिभन्दा बढि अधिकार र बजेट दिई अरु थप अधिकार सम्पन्न बनाइनु पर्दछ भन्ने विषयमा बहष हुनु हामी सबैको लागि अर्को सुखद पक्ष हो ।

सम्मानित सभाका सदस्यज्युहरु

अव म आगामी आर्थिक बर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिईएको आधार, सोच, लक्ष्य, उद्देश्य र अपेक्षित लक्ष्य यस सम्मानित सभामा प्रस्तुत गर्न चाहान्छु ।

**नीति तथा कार्यक्रम तर्जुमाको आधारहरु :**

- नेपालको संविधान, २०७२
- स्थानीय सरकार संचालन ऐन, २०७४
- संघ र प्रदेश सरकारले जारी गरेका नीति, नियम, कानुन तथा मापदण्डहरु
- संघ, प्रदेश र गाउँपालिकाको आवधिक विकास योगना, दिगो विकासका लक्ष्यहरु र विकासका अन्तर सम्वन्धित विषयहरु
- गाउँपालिकामा निर्माण भएका विभिन्न ऐन, नियमावली तथा कार्यविधिहरु,
- संघिय र प्रदेश सरकारका निती तथा कार्यक्रमहरु
- नेपाल सरकारको १६ औं योजना र दिगो विकासका लक्ष्यहरु

**सोच :**

"कृषि, पर्यटन, शिक्षा र पूर्वाधार, समृद्ध काठेखोला निर्माणको आधार"

**लक्ष्य :**

स्थानीय स्रोत साधनको उच्चतम परिचालन र न्यायोचित वितरणद्वारा नागरिकहरुको आर्थिक, सामाजिक स्तरमा बृद्धि गर्दै समृद्ध, समतामूलक र सुशासनयुक्त काठेखोला गाउँपालिका निर्माण गर्ने ।

**उद्देश्य :**

- शिक्षा, स्वास्थ्य, पर्यटन एवं भौतिक पूर्वाधारको विकास र विस्तार गरि गाउँपालिकालाई आर्थिक समृद्धतर्फ उन्मुख गर्ने ।
- कृषि तथा पशुपालन क्षेत्रलाई व्यवसायीक र आधुनिक प्रविधिमा रुपान्तरण गरि नागरिकको जिवनस्तरमा सुधार गर्नुको साथै कृषि सहकारीलाई प्रवर्धन गर्ने ।
- सर्वसुलभ, गुणस्तरिय शिक्षा र स्वास्थमा जोड दिने ।
- उपलव्ध स्रोत साधन र अवसरको न्यायोचित वितरण मार्फत स्वाधिन र समाजवाद उन्मुख ग्रामीण अर्थतन्त्रको निर्माण गर्ने ।
- महिला, दलित, जनजाति, बिपन्न, उपेक्षित र गरिवीको रेखामुनी रहेका गाउँपालिकाका नागरिकहरुलाई सामाजिक र आर्थिक समानता कायम गर्ने ।
- बिपद जोखिम न्युनिकरण, उद्धार राहत एवम वन बाताबरण र जलाधार संरक्षण गर्ने ।

## अपेक्षित उपलब्धिहरु :

प्रस्तावित नीति तथा कार्यक्रम र बजेटको सफल कार्यान्वयनबाट काठेखोला गाउँपालिकाको समग्र विकासमा नयाँ आयाम थपिनेछ । आर्थिक तथा सामाजिक क्षेत्र थप गतिशिल हुनेछ । पारस्परिक सम्मान र अवसर सहित सामाजिक न्याय कायम हुनेछ । "कृषि, पर्यटन, शिक्षा र पूर्वाधार, समृद्ध काठेखोला निर्माणको आधार" भन्ने गाउँपालिकाको दिर्घकालिन सोच पूरा गर्न योगदान पुग्नेछ भन्ने विश्वास लिएको छु ।

### आदरणीय गाउँसभा सदस्यज्युहरु,

नेपालको संविधान २०७२ मा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, आवधिक योजनाको मूलभूत पक्षहरू अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रिया र यस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ ।

आवधिक योजना, दिगो विकास लक्ष्य २०३० को मार्गचित्र र गाउँपालिकाले कार्यान्वयनमा ल्याइएका कानुनी प्रावधान समेतलाइ ध्यानमा राखी यो नीति तथा कार्यक्रम ल्याइएको छ । जनसहभागीता एवं जनपरिचालनको क्षेत्रमा गाउँपालिकाले कायम गरेको इतिहासलाई अक्षुण्ण राख्दै शासकीय प्रबन्धमा जवाफदेहिता, पारदर्शिता, गुणस्तरीयता एवं स्वच्छतायुक्त जनसहभागीता सुनिश्चित गरिने छ ।

गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण लाई अद्यावधिक रुपमा अध्ययन गरी छरितो एवं चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितव्ययी वनाइनेछ । यसबाट सेवा प्रवाहलाइ प्रभावकारी तथा विकेन्द्रित तुल्याउदै पूँजीगत खर्च बढाउने नीति लिइएको छ । संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तिय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तिय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिने छ ।

काठेखोला गाउँपालिकाले आफ्नो क्षेत्रमा समृद्ध, समावेशी, स्वच्छ, सुरक्षित, स्वावलम्बी र सुशासित समुदाय निर्माण गर्ने उद्देश्य लिएको छ । जनताको मौलिक अधिकार र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि जनसहभागिताका माध्यमबाट पारदर्शिता र जवाफदेहीतालाइ विशेष जोड दिइनेछ ।

**गाउँसभाका सदस्य ज्युहरु,**

हरेक नागरिकहरुको चाहना आर्थिक रुपमा सवल, सक्षम र समृद्ध बन्नुमा नै केन्द्रित हुन्छ। स्थानिय सरकार जनताको सर्वैभन्दा नजिकको सरकार भएकोले पनि यो सरकार नागरिकहरुको आर्थिक विकासको साझेदार वनोस भन्ने मनोकांक्षा हुनु स्वभाविक नै हो । यस गाउँपालिकाको सर्वाङ्गिण विकासका लागि आर्थिक गतिविधिमा सहजता ल्याउन राज्यले ठोस रणनीतिको अख्तियार गर्नुपर्ने देखिन्छ। देशको राज्यकोष संचितिमा कमि आउनु, वित्तिय क्षेत्रमा तरलता अभाव भै लगानी गर्न नसक्ने अवस्था आउदा मुलत काठेखोला गाउँपालिकाले आफ्ना नागरिकहरुको आर्थिक विकासमा टेवा पुऱ्याउनु हाम्रो मुख्य कर्तव्य हो । यस बर्षको नीति तथा कार्यक्रममा सामाजिक तथा समोवेशी क्षेत्रलाई विशेष जोड दिएको छु। विपन्न, बेसाहारा, महिला, दलित, जनजाति, अपांगाता भएका व्यक्तिहरुको ज्ञान, सीप र क्षमतामा बृद्धि गरि शसक्तिकरण संगै आर्थिक उपार्जन सहित उनिहरुको जीवनस्तरमा व्यापक परिवर्तन ल्याउन यो नीति तथा कार्यक्रमले प्रभावकारी भूमिका निर्वाह गर्नेछ भन्ने मैले विश्वास लिएको छु ।

गाउँसभा सदस्यज्युहरु :

संघ र प्रदेश सरकारबाट प्राप्त भएको बजेट सिलिङको अवस्था, बजेट सिलिङ बमोजिमको बजेट प्राप्त नहुनु, लक्ष बमोजिमको आन्तरिक आय संकलन नहुनु जस्ता विविध कारणले बजेटमा हुन गएको संकुचनले गर्दा हामीले सोचे जस्तो नीति कार्यक्रम र बजेट विनियोजन गर्न नसकेता पनि उपलब्ध श्रोतको समुचित वितरणलाई सकेसम्म न्यायोचित र जनमैत्री बनाउने कोशिस गरेका छौ । विविध चुनौतिहरुको विचमा पनि हामी हाम्रा संकल्प, प्रतिवद्धता र नागरिकहरुको चाहनालाई हाम्रै कार्यकालमा अधिक्तम पुरा गर्ने गरी नीति कार्यक्रम र बजेट परिलक्षित गरेका छौ । हाम्रा नीति तथा कार्यक्रम र बजेटले नागरिकहरुको सेवा प्रवाहमा आएको सहजता, समग्र कार्यप्रणालीमा गरिएको सुधार र गाउँपालिकाको समग्र विकासमा गरिएको प्रयास र सुधारको नतिजा हाम्रै कार्यकालमा नागरिकहरुले प्रत्यक्ष अनुभुत गर्न पाउने कुरामा म पुर्ण विश्वस्त छु ।

अव म आ.व.२०८२/०८३ को विभिन्न विषयगत एवम क्षेत्रगत नीति तथा कार्यक्रमहरु यस गरिमामय सभामा प्रस्तुत गर्दछु ।

## १) आर्थिक विकास तर्फ :

### कृषि तथा पशुपालन :

काठेखोला गाउँपालिका, कृषि पेशा अंगालेका नागरिकहरु बसोबास गर्ने गाउँपालिका हो । यहाँका हरेक नागरिकहरु कृषि क्षेत्रमा निर्भर छन । समृद्ध गाउँपालिका निर्माणको पहिलो र महत्वपुर्ण आधार नै कृषि क्षेत्रको विकास हो । कृषि क्षेत्रलाई अझै थप व्यवस्थित र बढि भन्दा बढि उत्पादनमुखी र व्यवसायिक बनाउनु हामी सबैको चाहना र लक्ष्य हो । परम्परागत प्रणाली देखि यसको स्तरिकरण, व्यवसायीकरण र उद्योग स्थापना सम्मको लक्ष्य तय गर्नुपर्ने आवश्यकता मैले महसुश गरेको छु । कृषि क्षेत्र निर्वाहमुखी मात्र हुनु र यसमा संग्लग्न कृषकहरुको उत्पादकत्व निकै कम रहदा यस क्षेत्रबाट श्रमशक्तिको पलायन बढ्दो छ । यसलाई रोक्न सक्नु हामी सबैको निकै चुनौतिको बिषय हो । स्थानिय बाली नालीमा कमी र स्थानिय दैनिक उपयोगमा सोचे अनुसार प्रगति हुन नसक्नु अर्को चुनौतिको बिषय हो । यी चुनौतिहरुलाई सामना गर्न कृषिमा आधुनिकता र लोकप्रियता बढाउने नीति लिई कार्यन्वयनमा जोड दिईने छ । यसका लागि तपशिल वमोजिमको नीति अख्तियार गरिने छ ।

- ➢ परम्परागत निर्वाहमुखी कृषि प्रणालीलाई विविधीकरण, आधुनिकीकरण, यान्त्रीकीकरण र व्यवसायिकीकरण गरी आयआर्जन तर्फ उन्मुख गराउदै नविनतम खेति प्रणालीको पहिचान गर्दै चिया, अलैची, ओखर टिमुर, आलु र सुन्तला खेति जस्ता नविनतम खेतिको पकेट स्थापना गरि ब्लकको रुपमा विकास गर्न यस बर्ष पनि **कृषि पकेट पुर्वाधार कार्यक्रम** लाईनिरन्तरता दिइने छ ।

- कृषि तथा पशुपालनको क्षेत्रमा विवाईसी बागलुङ र हेफर प्रोजेक्ट नेपालसंग विगत केही बर्षदेखि निरन्तर रुपमा गरिदै आइएको **कृषि तथा पशु उद्यमशिलता विकास परियोजना** साझेदारी कार्यक्रमलाई आगामी आ.व. २०८२/०८३ मा पनि निरन्तरता दिइने छ ।
- मौरी पालन व्यवसायहरुको संख्यामा उल्लेख्य बृद्धि भएकोमा खुसी ब्यक्त गर्दै मौरीपालन व्यवसायलाई अझै थप व्यवस्थित गरि मौरी पकेट क्षेत्रको रुपमा विकास गरिने छ ।
- गत बर्षदेखि नै अभ्यासको रुपमा सञ्चालन गरिएको उत्पादनमा आधारित कृषि, मासु तथा दुधजन्य सामग्रीको विक्रि वितरणका लागि अनुदान कार्यक्रमलाई यस बर्ष पनि निरन्तरता दिईने छ । त्यसको वजार व्यवस्थापनका लागि आवस्यक पहल गरिनेछ भने कृषि, मासु तथा दुधजन्य सामाग्रीहरुको उद्यम प्रर्वद्धनमा समेत विशेष जोड दिइनेछ भने तरकारी खेतिप्रति नागरिकहरुको आकर्षण बृद्धि गर्न गत बर्षदेखि नै सञ्चालनमा आएको **तरकारी मिनिकिट अनुदान कार्यक्रम** लाई यस बर्षपनि निरन्तरता दिइने छ ।
- विवाईसी बागलुङ र हेफर प्रोजेक्ट नेपालसंग समन्वय र सहकार्य गरि कृषकहरुले उत्पादन गरेका उत्पादनहरु संकलन गरी बजारीकरण गर्ने अभिप्रायले अक्षेत्ते बजारमा ***काठेखोला कृषि उपज संकलन केन्द्र*** को भवन निर्माण कार्य भइरहेको अवगत गराउदै आगमी बर्षदेखि नै सञ्चालन हुने गरी व्यवस्थापन गरिने छ ।
- कोदो, धान र मकै बालीको उन्नत बिउ उत्पादनमा प्रोत्साहन स्वरुप अनुदान कार्यक्रम सञ्चालन गरिनेछ । साथै कोदो बाली उत्पादनमा आधारीत अनुदान कार्यक्रम सञ्चालन गरिनेछ ।
- विषादीको असर र पशुबाट मान्छेमा सर्ने जोनेटिक रोग बारे आम नागरिकहरुलाई सचेतना कार्यक्रम मार्फत सुशिक्षित गरिने छ ।
- कृषकहरुको उत्पादन वृद्धिका लागि मझौला तथा साना सिंचाइहरुको आवस्यक व्यवस्थापन गरिनेछ ।
- कृषकहरुलाई फलफूल व्यवसाय प्रति उत्प्रेरित गर्न फलफूल बगैचा व्यवस्थापनका लागि बिशेष कार्यक्रम सञ्चालन गरिने छ ।
- कृषक एवम आम नागरिकहरुको मागलाई मध्यनजर गर्दै गत बर्ष नै सञ्चालन गर्ने भनिएको बाँदर व्यवस्थापन कार्यक्रम अन्तरगत सामुदायिक वन उपभोक्ता समुहहरुसंग सहकार्य गरि बाँजो तथा सामुदायिक वन जंगलहरुमा फलफूल तथा गिठा, तरुल, भ्याकुर र कन्दमुल जस्ता फलफूल तथा खनिजजन्य खाद्यान्नहरु लगाई बाँदर व्यवस्थापन गरिने छ ।
- वडा स्तरमा गठन भएका कृषि सञ्जाल एवम कृषि तथा पशु उपशाखा लाई थप व्यवस्थापन सहित प्रभावकारी र कृषिमैत्री ढंगले सञ्चालन गरिने छ ।
- गाउँपालिका भित्रका सम्पुर्ण विद्यालयहरुमा संचालित दिवा खाजा कार्यक्रममा स्थानिय उत्पादनसंग जोडेर वालवालिकाहरुलाई कृषि तथा पशु पालन तर्फ समेत आर्कषित गर्दै पोषिलो ताजा खाजाका लागि प्रोहोत्साहन गरिनेछ ।
- केही किराना पसलहरुमा विषादी बिक्रि गरेको पाईएकोले यसलाई रोक्न अनुगमनलाई थप प्रभावकारी बनाइने छ ।
- हरेक वडामा वडा स्तरीय भेटेनरी माइनरल ल्याव स्थापना गरिने छ ।
- गाउँपालिकाभित्र रहेका बाँझो जमिन उपयोगमा प्रोत्साहन गरिनेछ ।

## उद्योग तथा वाणिज्य

- औधोगिक क्षेत्रको विकास आर्थिक विकासको मेरुदण्ड हो । मुलुकको आर्थिक विकासको इन्जिनको रुपमा रहेको उद्योग क्षेत्रको विकास, विस्तार र प्रवर्द्धन माथि नै नेपालको आर्थिक समृद्धि निर्भर रहेको छ । जब सम्म हामीले हाम्रा नागरिकहरुको आर्थिक स्थितिमा सुधार ल्याउन सक्दैनौ तव सम्म हामीले जति विकास र परिवर्तनका कुराहरु गरेपनि समृद्धि प्राप्त गर्न सक्दैनौ । अवको हाम्रो लक्ष्य आर्थिक समृद्धि हो । हाम्रा नागरिकहरुलाई उत्पादन, आयआर्जन र शिप विकासमा जोड्दै उद्यमशिलताको विकास गर्न विगत बर्षदेखि निकै प्रभावकारी रुपमा सञ्चालन भएको ***अध्यक्षसंग सिप विकास कार्यक्रम*** लाई यस बर्ष पनि थप प्रभावकारीताका साथ सञ्चालन गरिने छ ।
- गाउँपालिका भित्र उत्पादन हुने नाङ्लो, डाली, मकैको भुट्लाबाट निर्माण हुने फूलजन्य सामाग्रीहरु संकलन गरि अक्षेत्ते बजारमा सञ्चालन हुने संकलन केन्द्रमा ***काठेखोला कोशेली घर*** सञ्चालन गरिनेछ । जहाँबाट गाउँपालिका भित्रका विभिन्न क्लव, संघ संस्थाहरुले आयोजना तथा सञ्चालन गरिने मेला, महोत्सवहरुमा उपहार तथा मायाको चिनो दिने व्यवस्था मिलाईने छ ।
- गाउँपालिका भित्र रहेका खनिज उत्खनन्का लागि अनुसन्धान गर्न संघ तथा प्रदेश सरकारसंग समन्वय गरी श्रोत जुटाउन आवश्यक पहल गरिने छ ।
- हाम्रा हरेक उत्पादनहरुलाई लघु तथा घरेलु उद्योगको रुपमा विकास गरि गाउँका उत्पादनहरुको संकलन, स्तरिकरण र ब्राण्डिङ गरि वजारीकरणको नीति लिइनेछ । यहाँ उत्पादन हुने दुग्ध पदार्थ, मासुजन्य उत्पादन, सुन्तला र आलुको परिकारहरुलाई अझ थप व्यवस्थित गरि गाउँपालिकाकै पहिचानको रुपमा  स्थापित गर्न आवस्यक कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- गाउँपालिका भित्रका लघु उद्यमीहरुले उत्पादन गरेका बस्तुहरुको बजारीकरण र विक्रि वितरणका लागि काठेखोला संकलन केन्द्रमा मार्फत विक्री वितरणको व्यवस्था मिलाइने छ । संकलन केन्द्रलाई सुचना प्रविधिको समेत उच्चतम उपयोग गरि उत्पादित सामग्रीको वजारीकरण गर्न बिशेष पहल गरिनेछ ।
- कोदोको अर्गानिक लोक्कल रक्सीलाई ब्रान्ड्रिङ र लेवलिङ गरी बिक्रि वितरण गर्नका लागि आगामी आ.व.देखि आवश्यक प्रक्रिया अगाडी बढाईने छ ।
- कृषि, दुग्धजन्य, मासुजन्य साना तथा मझौला उद्योग स्थापनाका लागि प्रोहोत्साहन गरिनेछ ।
- बदलिदो बजार मागलाई ध्यान दिदै यस क्षेत्रका रैथाने बाँकोको सिन्की, सिस्नुको पाउडर, अल्लोको कपडा, लालीगुराँसको जुस, अदुवाको मिठाई (क्यान्डी), जुस, अचारलाई व्यवसायिक गर्दै गाउँपालिका भित्रका सवै वडाहरुमा उत्पादन हुने स्थानीय उत्पादनको ब्रान्डिङ, प्याकेजिङ र लेवलिङ गरी वजार व्यवस्थापन गरिने छ ।
- काठेखोला गाउँपालिकामा पहिलो र नविनतम उद्योगको रुपमा स्थापना भएको कोदोको विस्कुत उद्योगलाई थप व्यवस्थित, प्रोत्साहन र आवश्यक बजारीकरणको लागि पहल गरिने छ ।
- गाउँपालिकाभित्र उत्पादन हुने कृषि उत्पादनको सर्वेक्षण गरि बास्तविक तथ्याङ्क लिइने छ ।
- यस क्षेत्रमा निकै प्रसिद्ध परंपरागत सीपमा आधारीत नाङ्लो, डालो, काठको ठेकी, मान्द्रो लगायतका उत्पादनलाई अन्तरपुस्ता हस्तान्तरण र आधुनिकीकरण तर्फ बिशेष जोड दिइनेछ ।
- सवै किसिमका गरिवी निवारणका लागि संघिय सरकारको ससर्त अनुदानमा सञ्चालित गरिवी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम (मेडपा) लाई क्रमशः आन्तरिकिकरण गर्दै जाने नीति लिइने छ ।

**पर्यटन :**

प्राकृतिक तथा सांस्कृतिक रुपमा विविधतापूर्ण हाम्रो देश नेपाल विश्वकै महत्वपूर्ण पर्यटकीय गन्तव्यका रूपमा परिचित छ । नेपालको आर्थिक विकास र समृद्धिका लागि पर्यटन क्षेत्रको विशेष महत्व देखिन्छ । अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, बहुजातीय, बहुभाषीय, बहुधार्मिक र सामाजिक विविधता एवं ऐतिहासिक तथा साँस्कृतिक सम्पदाले विश्व पर्यटन मानचित्रमा हाम्रो देश प्रमुख पर्यटकीय गन्तव्यस्थलको रूपमा सुपरिचित छ । पर्यटन व्यवसाय आर्थिक विकासको प्रमुख आधार हो । यस व्यवसायको विविधिकरण र विस्तारद्वारा आम नागरिकको जीविकोपार्जन र रोजगारीका अवसरमा बृद्धि गरी जनताको जीवनस्तरमा सुधार गर्नु अपरिहार्य भएको छ । समृद्ध र विकसित गाउँपालिकाको बलियो आधार पर्यटन नै हो ।

काठेखोला गाउंपालिकाको पर्यटन मूलतः प्रकृति र संस्कृति संग आधारित छ । काठेखोला, घोडाबाँधे, बेलढुंगा, गाजाको धुरी, हलहले, साहुढुंगा, थाप्ले, तिनचुले शिवधुरी, झुलेनी, मोथे, कान्छो धौलागिरि, खोरताल, बसन्ताप, देउराली जस्ता सुन्दर पर्यटकिय ठाउँहरु प्रकृतिका बरदान प्राप्त उपहारहरु हुन । रामकोट त्रिपुरेश्वर मन्दिर, रेशको सत्यवति, ओदानडाँडा मन्दिर, विहुँकोट, लेखानीको शिवालय, लगायतका कोट तथा मठमन्दिरहरु धार्मीक आस्थाका स्तम्भहरु हुन । यहाँका पौराणीक संस्कृतिहरु साँच्चिकै सुन्दर र लोभलाग्दा साँस्कृतिक सम्पत्तिहरु हुन । यानिमाया, सोरठी, झ्याउरे र सालैजो जस्ता मौलिक र पुराना भाकाहरु यहाँका वनपाखामा गुञ्जिने गीत संगीतहरु हुन । भिमादरवार, ओदानडाँडा मन्दिर, बिहुँको तल्लो उपल्लोकोट, १००८ स्वामी परमान्द गुरुको जन्मस्थान पौवाडाँडामा रहेको राम मन्दिर यहाँको ऐतिहासिक सम्पदाहरु हुन । तंग्राममा रहेको विश्वकै ठुलो नगरा, जिमाक संगीत एवम साँस्कृतिक संग्राहलय र जनजाति सांस्कृति संग्राहलय समग्र गाउँपालिकाका परिचयहरु हुन । यिनै प्रकृति, संस्कृति र मानव निर्मित ऐतिहासिक सम्पदाहरुको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धनमा विशेष ध्यान पुराईने छ ।

- काठेखोला गाउँपालिकाको पर्यटन विकासमा मध्यपहाडी लोकमार्ग एक महत्वपूर्ण अवसर हुन सक्छ । नेपालको मध्यपहाडी लोक मार्ग खण्डको झन्दै २० किलोमिटर सडक खण्ड हाम्रो पालिकाको मध्यभागमा परिरहदा यसले पर्यटन प्रवर्द्धनसंगै अन्य विकासका नयाँ सम्भावनाहरु पनि उजागर गरेको छ ।
- आम नागरिकहरु बीच निकै लोकप्रिय बन्दै गहिरहेको होमस्टे व्यवसाय काठेखोला गाउँपालिकामा ८ वटा सामुदायिक होमस्टे सञ्चालनमा रहेको र उक्त होमस्टेलाई अझै थप व्यवस्थित रुपमा सञ्चालन गर्न होमस्टे व्यवसायलाई उत्प्रेरित गरिनेछ । यस चालु आ.व.मा काठेखोलाका हामेस्टे सञ्चालकहरुलाई अध्ययन अवलोकन भ्रमण गराईएको जानकारी गराउदै होमस्टेहरुमा पर्यटकहरुको आगमनलाई ध्यानमा राखी पर्यटन प्रवर्द्धनका नयाँ नयाँ कार्यक्रमहरु सञ्चालनमा ल्याइने छ ।
- प्राकृतिक, सांस्कृतिक, कृषि, धार्मिक क्षेत्रमा आधारित काठेखोला गाउँपालिकाको सबै प्रकारका पर्यटनलाई वातावरणमैत्री बनाई पर्यापर्यटनको रुपमा विकास गरिने छ । स्थानीय समुदायमा आधारित पर्यटनलाई बढावा दिई पर्यटनलाई जीविकोपार्जनसंग जोडिने छ । ग्रामिण पर्यटनको रुपमा विकास गर्न होमस्टेहरुलाई थप प्रर्वद्धन तथा व्यवस्थित तवरले सुधार गरिने छ ।
- साहशिक पर्यटन पर्वद्धनको विकास गर्नका लागि शाहसिक पर्यटन कार्यविधि तयार पारी आवश्यक व्यवस्थापन गरिने छ ।
- आन्तरिक र वाह्य होमस्टे अध्ययन अवलोकन तथा आन्तरिक होमस्टे व्यवसायहरुमा नियमित अनुगमन गरिने छ । प्रदेशको पर्यटन गन्तव्यको रुपमा गाजाको धुरी, हलहले, शिवधुरी, रामकोट

र झुलेनी लगायतका स्थानहरु सुचिकृत भएको र थप कार्यक्रमहरु संचालनका लागि सरोकारवाला विच समन्वय गरिनेछ ।

- आन्तरिक पर्यटक आर्कषित गर्न सफल प्राकृतिक भ्यूटावरको रुपमा रहेको बेलढुङ्गा क्षेत्रमा प्रसिद्ध सर्वसिद्धिधाम जोड्ने पर्यटन पदमार्ग, साइकलल्यान, बनभोज स्थलहरु लगायतका संरचनाहरु क्रमशः निर्माण गरिनेछ ।
- ससस्त्र द्वण्दकालमा ज्यान गुमाएका शहिदहरुको सम्झनामा काठेखोला १ पालामा शहिद स्मृति पार्क निर्माण भईरहेको र त्यसलाई द्वण्दकालको अध्ययन केन्द्रका रुपमा विकास गरिनेछ ।
- काठेखोला गाउँपालिकाद्धारा सिक्किम, इलाम र दार्जलिङ लगायतका ठाउँहरुमा गरिएको अध्ययन अवलोकन भ्रमणको क्रममा देखेका र प्रत्यक्ष अनुभुत गरेको चियाखेति विस्तारलाई काठेखोला गाउँपालिकाको रेश, भ्युटावर, घोडाँबाँधे लगायतका ठाउँहरुमा विस्तार गरिनेछ । काठेखोला गाउँपालिका, वडा नं. ७ रेशमा रहेको चियाखेतिले उत्पादन समेत दिन सुरु गरिसकिएको र यसलाई आयआर्जन र पर्यटन प्रवर्द्धनसंग जोडी उक्त ठाउँमा क्षेत्र विस्तार गरि थप चिया खेति विस्तार गरिनेछ ।
- आन्तरिक तथा बाह्य पर्यटकहरुको पनि आगमन हुन सुरु गरेको बेलढुंगा क्षेत्रलाई थप व्यवस्थित गरि पर्यटकहरुको पहिलो रोजाईमा पर्ने गरि त्यसको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धनमा जोड दिईने छ ।
- मध्यपहाडी लोकमार्ग खहरे, शहिद स्मृति पार्क पाला, भिमपोखराको भिमादरवार, दयरीबस्ती, धम्जाको वेलढुंगा, तंग्रामको खोर ताल, वसन्ताप, जिमाक सांस्कृतिक एवम संगीत संग्राहलय, जनजाति सांस्कृतिक संग्राहलय, त्रिपुरेस्वर मन्दिर, विहुँकोट, रामकोट, घोडावाँडे, भ्यु टावर, शिवधुरी, लेखानीको हलहले, वौद्ध गुम्वा रेशको ओदानडाँडा मन्दिर र रेशको चिया वगान घुम्ने गरि पर्यापर्यटन रुटको विकास गरि आवश्यक पुर्वाधार निर्माणका लागि  पहल गरिनेछ ।
- काठेखोला गाउँपालिका विकास, धार्मिक तथा पर्यटकीय क्षेत्रको पहिचान तथा प्रचार प्रसार गर्ने अभिप्रायले आदर्श सञ्चार सहकारी संस्था लि.संगको सहकार्यमा काठेखोलाको पर्यटन नामक कार्यक्रम सञ्चालन गरिनेछ ।
- नीजि क्षेत्रसंग समन्वय गरि जडिवुटि उत्पादन र प्रशोधन केन्द्र स्थापना तथा संचालनको वातावरण मिलाइने छ । गाजाको धुरी, शिव धुरी, झुलेनीको धुरी, हलहले क्षेत्रलाई पर्यापर्यटन गन्तव्यका रुपमा विकास गरिनेछ भने वडा नं. ५ विहुकोटको  रामकोट, वडा नं. ६ का विहुँकोट मन्दिर क्षेत्रलाई धार्मिक पर्यटन क्षेत्रको रुपमा विकास गरिनेछ ।
- स्वदेशी तथा विदेशी लगानी कर्ताहरुलाई लगानीको वातावरण तयार गरि विहुँकोट स्थित थामनेटा, घोडावाँधे, भ्यु टावर क्षेत्रलाई आवसीय क्षेत्रको रुपमा विकास गर्ने गरी रिर्सोट, होटल तथा तालिमकेन्द्रको हवको रुपमा विकास गर्न आवश्यक पहल गरिनेछ ।
- काठेखोला गाउँपालिका वडा नं. ४ तंग्राममा रहेको जिमाक संगीत संग्राहलय र निर्माणाधिन अवस्थामा रहेको जनजाति संग्राहलय लाई पर्यटन प्रवर्द्धनसंगै सम्वन्धित क्षेत्रको अध्ययन केन्द्रका रुपमा विकास गरिनेछ ।
- काठेखोला गाउँपालिका भित्र कृषि, पर्यटन र यातायात क्षेत्रमा व्यापक लगानी आकर्षित गर्ने नीति अबलम्बन गरिनेछ ।

**सहकारी :**

- बेसहाराहरुको सहारा बन्दै गहिरहेको सहकारी क्षेत्रलाई थप व्यवस्थित र पारदर्शितापूर्ण बनाई बढिभन्दा बढि नागरिकहरुलाई सहकारीमा समाहित गर्न विशेष ध्यान पुराईनेछ ।

- सहकारीहरुको माध्यमबाट उत्पादनशिल क्रियाकलापमा संलग्न नागरिकहरुको पूँजि संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर श्रृजना गरी गरिबी न्यूनिकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ ।
- नागरिकहरुलाई सहकारी प्रति आकर्षित गर्न सहकारी शिक्षा कार्यक्रम सञ्चालन गरिने छ । साथै कर्मचारीहरुको क्षमता विकास गर्दै आर्थिक पारदर्शिता कायम गर्न सहकारी लेखा व्यवस्थापन लगायत सहकारी शिक्षामुलक तालिम सञ्चालन गरिने छ ।
- कृषि समूह निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्यक्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ ।
- सहकारी नियमन तथा अनुगमनलाई प्रभावकारी बनाई नागरिकको वित्तिय सम्पत्तिलाई सुरक्षित गर्न विशेष ध्यान पुराईने छ ।
- कृषि लगायत विषयगत सहकारीलाइ सो क्षेत्रमा केन्द्रित भै लगानी गर्ने नीतिलाइ कदाईका साथ कार्यान्वयन गरिनेछ ।
- गाउँपालिका भित्रका सहकारी संस्थाहरुको दर्ता, अनुगमन, नियमन तथा सचेतना एवम लेखा ब्यवस्थापन कार्यक्रम संचालन गरिनेछ ।
- छरिएर रहेको ग्रामीण पुजी एकतृत गर्ने दरिलो माध्यमका रुपमा रहेको सहकारीलाई ग्रामिण अर्थतन्त्रको मेरुदण्डका रुपमा विकास गरिनेछ ।
- सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निच्छेपकर्ताहरुको हित र संरक्षणका लागि
- विभिन्न विषयगत सहकारी सम्वन्धी स्थानीय तथ्याङ्क व्यवस्थापन र अध्ययन तथा अनुसन्धान गरी दैनिक उपभोग्य बस्तु, कृषि, वन, मत्स्य तथा पशुजन्य पदार्थ उत्पादन र विक्री वितरण गर्ने सहकारीलाई विशेष अनुदानको व्यवस्था गरिनुका साथै प्रमुख बस्तीहरुमा सुपथ मूल्यमा सहकारी पसल सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।
- अव्यवस्थित रुपमा सञ्चालनमा रहेका सहकारी संस्थाहरुको अनुगमन गरि सुधार गर्न प्रोत्साहन गरिने र सो अनुसार नभएमा नियमानुसार कार्वाहीको प्रक्रिया अगाडी बढाइनेछ ।

## युवा तथा श्रम रोजगार

- जोश जाँगर श्रम र सीपले भरिएका युवाहरुलाई स्वदेशमै रोजगारी सिर्जनाको वातावरण निर्माणका लागि प्रोहोत्साहन गरिनेछ । वैदेशिक रोजगारीमा जाने युवाहरुका लागि सचेतना अभियान सञ्चालन गरिनेछ ।
- युवाहरुको लागि गत बर्षदेखि नै सुरुवात गरिएको लामो तथा छोटो अवधिको सीप विकास तालिम यस बर्ष पनि सञ्चालन गरिनेछ। उक्त सीप विकासका तालिमहरु मार्फत सीपयुक्त युवा जनशक्ति तयार गरि रोजगारी, स्वरोजगारी सिर्जना एवम युवाहरुलाई आत्मनिर्भर बनाउन सहयोग पुग्ने विश्वास लिएको छु ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम, गरिवी निवारणका लागि लघुउद्यम कार्यक्रम (मेडपा), सुरक्षित आप्रवाशन परियोजना लगायतका कार्यक्रमहरुलाई समायोजन गरि एकिकृत रुपमा श्रम तथा रोजगार शाखा स्थापना गरि सञ्चालनमा ल्याइने छ ।
- काठेखोला गाउँपालिकाभित्र संचालन हुने योजना तथा आयोजनाहरुमा स्थानिय श्रममा आधारित रोजगार सिर्जना हुनेगरि अभियान सञ्चालन गरिनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई वडा कार्यालय सहितको साझेदारितामा सञ्चालन गरिने छ ।

- विगत केही बर्षदेखि निकै प्रभावकारी रुपमा सञ्चालन भइरहेको गरिवी निवारणका लागि लघुउद्यम कार्यक्रम र प्रधानमन्त्री रोजगार कार्यक्रमलाई यस क्षेत्रको श्रम रोजगार र विकास निर्माणका लागि साझेदारी कार्यक्रमको रुपमा सञ्चालन गरिनेछ । यस अगाडी भएका तालिमहरुको प्रभावकारीता अध्ययन गर्दै उद्यम पर्वद्धन, रोजगारी र स्वरोजगारी वनाउदै सामग्रीहरुको उत्पादन तथा वजारीकरणको व्यवस्था मिलाइनेछ ।
- गाउँपालिकाको रोजगार रणनिति निर्माण गरि नागरिकलाई व्यावसायिक सिप विकास, रोजगार प्रर्वद्धन, उत्पादनशिल रोजगारी सिर्जना, उद्यमशिलता प्रवर्द्धन, वैदेशिक रोजगार तथा आप्रावासन लगायतका श्रम तथा रोजगार सम्वन्धि सेवा तथा सुविधा स्थानिय तहबाट एकिकृत रुपमा प्रदान गरिनेछ ।
- आन्तरीक रोजगारी प्रवर्द्धनका लागि वैदेशिक रोजगारी बाट फर्किएका व्यक्तिहरुलाई उध्यमशिलता प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ यसै गरी वैदेशिक रोजगार बाट फर्किएका र स्वदेशमै सिप सिकेका व्यक्तिहरुको निस्शुल्क सिप परिक्षणको व्यवस्था गरिनेछ ।
- समुदायस्तरसम्म वैदेशिक रोजगारी सम्बन्धी आधारभुत सूचना तथा जानकारिको पहुँच वृद्धि गर्न आ.व. २०८२/०८३ देखी   रोजगार सेवा केन्द्र मार्फत समुदाय अभिमुखिकरण कार्यक्रमहरु संचालन गरिनेछ ।
- वैदेशिक रोजगारीबाट फर्किएकाहरुको सीप पूँजी र प्रविधिको उच्चतम प्रयोग गरि पालिकाको आर्थिक वृद्धिमा टेवा पुर्याइनेछ । त्यसका लागि आवश्यक कार्यक्रम तथा नितिको व्यवस्था गरि पुनस् एकिकरण कार्यक्रम संचालन गरिनेछ ।
- वैदेशिक रोजगारलाई सुरक्षित मर्यादित तथा व्यवस्थित गराउन थप पहल गरिनेछ । त्यसका लागि सुरक्षित आप्रवासन कार्यक्रम लाई थप व्यवस्थित गरिनेछ । काठेखोला गाँउपालिका बासिन्दालाई विदेशमा काम लाग्ने खालको सीप तालिम लिएर मात्रै वेदेशिक रोजगारिमा जाने व्यवस्थाका लागि प्रदेश सरकार तथा संघिय सरकारसँग समन्वय गरिनेछ ।
- वैदेशिक रोजगारमा गएका व्यक्ति तथा उनिहरुको परिवारका सदस्यहरुमा देखापर्ने मानसिक स्वास्थ्य तथा मनोसामाजिक समस्याको जोखिम न्यूनिकरण तथा व्यवस्थापनको लागि व्यक्तिगत र सामुहिक रुपमा मनोसामाजिक परामर्श सेवाका कार्यक्रम संचालन गरिने छ ।
- विद्यालय तहबाट नै मानसिक स्वास्थ्य सचेतनाका क्रियाकलापहरु संचालन गरिनेछ ।
- वैदेशिक रोजगारबाट प्राप्त विप्रेषणको उपयोगमा लागि वित्तिय साक्षरता कार्यक्रमलाई अभियानको रुपमा संचालन गरिनेछ । वित्तिय साक्षरता सम्बन्धी ज्ञान वृद्धि तथा सचेतनाको एकिकृत कार्यक्रम संचालनको लागी वित्तिय साक्षरता रणनितिक योजना तयार गरिनेछ । वैक तथा वित्तिय संस्थाहरु मार्फत संचालन हुने वित्तिय साक्षरता कार्यक्रमलाई एकद्धार प्रणाली मार्फत संचालन गर्ने व्यवस्था मिलाइनेछ ।
- प्रभावकारी रुपमा संचालन भइरहेको प्रधानमन्त्री रोजगार कार्यक्रम र गरिवि निवारणका लागि लघुउद्यम कार्यक्रमलाई यस क्षेत्रको श्रम रोजगार र विकास निर्माणका लागि साझेदार कार्यक्रमको रुपमा संचालन गरिनेछ । यस अगाडी भएका तालिमहरुको प्रभावकारिता अध्ययन गर्दै उद्यम पर्वद्धन, स्वरोजगारी बनाउदै सामग्रीहरुको उत्पादन तथा बजारीकरणको व्यवस्था मिलाईनेछ ।

आदरणीय गाउँसभा सदस्य ज्युहरु

अव म सामाजिक विकास तर्फ लिएको नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

## २. सामाजिक विकास तर्फ :

### शिक्षा :

शिक्षा चेतनाको मुहान हो, अन्धकारको लागि ज्योति हो, भविष्यको साहारा हो, अज्ञानताको शत्रु हो, रुपान्तरण र परिवर्तको सारथी हो अनि समग्र विकासको मेरुदण्ड हो । शिक्षा त्यो हो, जहाँ अन्धकारहरु एकक्षण पनि रहन सक्दैनन, असम्भवहरु यसको सब्दकोषमै भेटिदैनन्, यहाँ त सम्भावना, सुनिश्चितता, समृद्धि र सम्पन्नता मात्रै भेटिन्छन । आज बिश्वमा जे, जति, जे, जसरी प्रगति र परिवर्तनहरु भईरहेका छन त्यसको मुल श्रेय नै शिक्षालाई जान्छ । शिक्षाकै जगमा आज बिश्वमा कल्पना नै गर्न नसकिने युगान्तकारी चमत्कारहरु भएका छन । हामीले सोच्दै नसोचेका घटना परिघटनाहरु भइरहेका छन । शैक्षिक विकासकै कारण बिज्ञान र प्रविधिका नयाँ नयाँ आविस्कारले हाम्रा दैनिक जीवनयापन निकै सहज र सरल बन्दै गहिरहेको छ ।

जवसम्म समाज शिक्षित र सचेत हुदैन तव सम्म हामीले जति विकास र परिवर्तनका योजनाहरु ल्याए पनि सभ्य र विकसित समाजको निर्माण अपुरो नै हुन्छ । त्यसैले शैक्षिक विकास हाम्रो प्राथमिकताको महत्पुर्ण सुचिमा रहेको छ । हामीले हिजो निर्वाचनको वेला नागरिकहरुको विचमा सबै बालबालिकाहरुले गुणस्तरीय शिक्षा पाउनुपर्दछ भन्ने प्रतिवद्धता अनुरुप हालसम्म विनियोजन गरेका योजना तथा कार्यक्रमहरुमा शिक्षा क्षेत्रलाई अलि बढि नै महत्व दिएर बजेट तथा कार्यक्रमहरु विनियोजन गरिएको छ । यसलाई आगामी दिनमा अझै थप बृद्धि गरी लगिने छ । नागरिकहरुको चासो, आवस्यकता र सरोकारको बिषय रहेको शैक्षिक विकासका योजनाहरु निकै प्रभावकारी ढंगले कार्यन्वयन हुनुपर्दछ । काठेखोला गाउँपालिकाको शैक्षिक अवस्थालाई ध्यानमा राखी बिभिन्न समयमा बिभिन्न बिद्यालयका प्रधानाध्यापक तथा अन्य सरोकारवाला एवम शैक्षिक व्यक्तित्वहरुसंग नियमित अन्तरक्रिया तथा छलफल कार्यक्रमहरु सञ्चालन गर्दै गुणस्तरिय शिक्षा प्रदानमा निकै महत्वका साथ ध्यान पुऱ्याइएको छ । बिभिन्न बिद्यालयहरुमा हुने बिद्यालय स्तरिय सभा गोष्ठी लगायतका शैक्षिक कार्यक्रमहरुमा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, सामाजिक विकास समितिका संयोजक एवम शिक्षासंग सम्वन्धित व्यक्तिहरु प्रत्यक्ष सहभागि भइ बिद्यालयको अवस्था बुझ्ने र राय सल्लाह लिने दिने काममा पनि उत्तिकै ध्यान पुराईएको छ । गाउँपालिका भित्रका सम्पुर्ण विद्यालयहरुको नियमित अनुगमन गर्ने कार्य निरन्तरता दिइएको छ । के.जी.कक्षा सञ्चालन गरेका विद्यालयहरुमा दिइदै आएको के.जी.कक्षा व्यवस्थापन अनुदानलाई यसबर्ष पनि निरन्तरता दिइएको छ ।

- शिक्षा नीतिलाई पुर्णरुपमा अवलम्वन गर्दै गुणस्तरिय शिक्षालाई विशेष जोड दिईने छ । सिंगो मानव जातिलाई अन्धकारको युगबाट उज्यालो युगमा पुऱ्याउने पवित्र माध्यम भनेकै शिक्षा हो । शिक्षा लिनबाट कुनै पनि नागरिक बन्चित हुन नपरोस भन्नका खाँतिर काठेखोला गाउँपालिकाको समग्र शैक्षिक विकासका लागि **अध्यक्षसंग शैक्षिक सुधार कार्यक्रम** सञ्चालन गरिने छ ।
- काठेखोला गाउँपालिको शैक्षिक विकासका लागि विगत बर्षदेखि सञ्चालन भइरहेको "**काठेखोला वासीको ईच्छा, गुणस्तरिय, व्यवहारिक र प्रविधिमैत्रि शिक्षा**" भन्ने नाराका साथ यस क्षेत्रको शिक्षालाई वैज्ञानिक तवरले व्यवस्थापन गरिनेछ । यसका लागि आवश्यक पर्ने भौतिक पुर्वाधारहरु र मानव संशाधन लगायतका शैक्षिक विषयमा विशेष ध्यान दिइने छ ।
- शिक्षा क्षेत्रलाई आर्थिक तथा सामाजिक रुपान्तरणको सम्वाहकको रुपमा विकास गर्न विशेष ध्यान दिईने छ ।

- भिमसेन क्याम्पस र अमर क्याम्पसलाई एकिकरण गरि विश्वविद्यालय अनुदान कार्यक्रमसंग जोडि भौतिक पुर्वाधार निर्माण तथा अन्य व्यवस्थापनमा आवश्यक कदम चालिनेछ भने यस क्षेत्रमा सञ्चालित नमुना विद्यालय र प्राविधिक विद्यालयको व्यवस्थापन र सिकाइ उपलब्धि स्तर वृद्धिका लागि विशेष कार्यक्रम ल्याईने छ ।
- गाउँपालिकाभित्र बन्ने नयाँ संरचनाहरुमा वाल तथा अपाङगमैत्री भौतिक संरचना निर्माणमा जोड दिईने छ ।
- आम नागरिकहरुमा शैक्षिक जागरणका नविनतम कार्यक्रमहरु ल्याई ***सबैको लागि शिक्षा*** सञ्चालनमा जोड दिइने छ ।
- शिक्षामा सूचना तथा संचार प्रणाली (ICT) को प्रयोगमा उच्चतम विकास गरि व्यवसायिक तथा प्राविधिक शिक्षा सञ्चालनलाई पहिलो प्राथमिकतामा राखी शैक्षिक कार्यक्रमहरु सञ्चालन गरिनेछ । प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमलाई आम नागरिकको पहुँच सम्म पुर्‍याउन प्रभावकारी कदम चालिने छ । शिक्षामा समतामुलक अवसरहरु सुनिश्चित गर्दै शिक्षालाई सीपयुक्त, समय सान्दर्भिक र गुणस्तरयुक्त बनाउन प्रभावकारी कदम चालिने छ ।
- काठेखोला गाउँपालिका भित्रका मा.वि.तथा आधारभुत विद्यालयहरुमा लागु गरि सकिएको स्मार्ट टि.भी.सञ्चालन तथा प्रयोगको अनुगमन तथा नियमन गरि कार्यन्वयनमा ल्याउन अनुगमन लगायतका आवश्यक प्रक्रिया अगाडी बढाइने छ ।
- गाउँपालिकाले निर्माण गरेको शिक्षा प्रोफाइल र शैक्षिक योजनालाई प्रभावकारी ढंगले कार्यन्वयनमा लैजानका लागि सञ्चालन भइरहेको **उपाध्यक्षसंग अनुगमन कार्यक्रम** लाई अझ थप परिमार्जित गरि यस बर्ष पनि निरन्तरता दिइनेछ ।
- प्रधानध्यापकहरुको गाउँपालिका स्तरिय बैठक, शिक्षक बिद्यार्थी सिकाई तालिम, क्षमता विकास र अभिभावक सचेतना कार्यक्रम लगाएतका कार्यक्रम सञ्चालनमा ध्यान दिईनेछ ।
- सवै विद्यालयहरुमा सञ्चालनमा रहेको दिवा खाजा कार्यक्रमलाई अझ व्यवस्थित र प्रभावकारी ढंगले यस बर्ष पनि सञ्चालनमा ल्याइने छ । यस कार्यक्रमलाई स्वच्छ, सफा, स्वस्थ, ताजा र जंकफुड रहित बनाउनका लागि सवै विद्यालयहरुमा पढ्दै कमाउदै कार्यक्रमको रुपमा सञ्चालन गरिने छ ।
- ***"हाम्रो सवाल, हाम्रै पाठ्क्रम"*** भन्ने अभिप्रायका साथ काठेखोलाको चिनारी झल्किने गरि आवश्यकता र वास्तविक जीवनसँग जोड्ने र काम सिकाउने जीवनोपयोगी सीपमा आधारित १ देखि कक्षा ८ सम्मको स्थानीय पाठ्यपुस्तक प्रकाशन गरिनेछ भने कक्षा ६ देखि ८ कक्षाको पाठ्यपुस्तक लेखन कार्य गरिनेछ ।
- समग्र शैक्षिक प्रणालीमै व्यापक रूपान्तरण ल्याउन शैक्षिक पाठ्यक्रम विकास, पठनपाठनको व्यवस्थापन, अतिरिक्त क्रियाकलाप व्यवस्थपान, शैक्षिक पात्रो व्यवस्थापन, अद्याविधक स्रोत व्यवस्थापन, विद्यालय अविभावक विचको सञ्चार व्यवस्थापन, शिक्षण तथा सिकाइ र दस्तावेजीकरण लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रभावकारी उपयोग गरी सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुमा शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) लाई थप प्रभाकारी बनाउदै यसलाई निरन्तरता दिइने छ ।
- शिक्षाको पहिलो खुड्किलोको रुपमा रहेको वालविकास केन्द्रलाई वालमैत्रि, छापामय कक्षाकोठा व्यवस्थापन गर्दै कार्यरत सहजकर्ताहरु र विद्यालय कर्मचारीहरुलाई नेपाल सरकारले तोके वमोजिमको गतबर्ष देखि नै उपलब्ध गराउदै आइएको न्युनतम पारिश्रमिक यस बर्ष पनि निरन्तरता दिइने छ ।

- सुत्केरी शिक्षिकहरुको विदा अवधिमा हुने पठनपाठनको रिक्ततालाई ध्यानमा राखि पढाई सञ्चालन गर्न सुत्केरी शिक्षिकाको सोधभर्ना शिक्षक तथा व्यवस्थापन कार्यक्रम लाई यस बर्ष पनि निरन्तरता दिइनेछ ।
- निशुल्क रुपमा वितरण गरिदै आइएको सेनिटरी प्याड आगामी बर्ष पनि निरन्तरता दिइने छ ।
- गाउँपालिका भित्रका अन्तरविद्यालय स्तरीय प्रतियोगितात्मक कार्यक्रमलाई जोड दिदै विद्यार्थीहरुको अन्तरनिहित क्षमता प्रस्फुटन गराउने वातावरणको सिर्जना गरिनेछ ।
- काठेखोला गाउँपालिकामा उच्च शिक्षा प्रदान गरिरहेका भीमसेन र विहुँकोट अमर क्याम्पसलाई एकिकृत गरि सञ्चालन गर्न आवश्यक पहल गरिने छ ।
- गाउँपालिका भरि नै एकै किसिमको विहानी प्रार्थना, प्रार्थना धुन र व्यायमको नीति अवलम्वन गरिने छ ।
- विद्यार्थीहरुका लागि कला, संगीत र खेल क्षेत्रका प्रतिभाहरुको संरक्षण, संवद्धन र उजागर गर्ने अभिप्रायले गत बर्ष देखि नै सञ्चालन गरिएको '**प्रतिभा पहिचान कार्यक्रम**' यस बर्ष शिक्षकहरु लाई समेत सहभागी गराई सञ्चालनमा ल्याइने छ ।
- नेपाल स्काउट स्थानीय समिति काठेखोलाद्धारा हालसम्म १२ वटा स्काउट ट्रुप गठन भएको जानकारी गराउदै यस बर्ष अन्य विद्यालयहरुमा पनि स्काउट गठनमा विशेष ध्यान पुर्‍याईनेछ । यस बर्ष स्काउटरहरुको विचमा उत्कृष्ट स्काउट ट्रुप सम्मान सहित हाईकिङ क्याम्प फायर गरिनेछ । साथै विद्यालय स्तरीय स्काउट एवम विपद अभिमुखिकरण तालिम समेत सञ्चालन गरिनेछ ।
- गाउँपालिका भित्रको शिक्षण सिकाईमा ब्यापक सुधार ल्याउनका लागि बृहत शैक्षिक उत्प्रेरणात्मक कार्यक्रम सञ्चालन गरिने छ ।
- गाउँपालिका भित्रका तहगत उत्कृष्ट विद्यालय, शिक्षक र विद्यालय छनौट गरि सम्मान गर्ने कार्यक्रम यस बर्ष पनि सञ्चालन गरिने छ ।
- विद्यालयको आवस्यक भौतिक पुर्वाधार निर्माण गर्न संघ, प्रदेश सरकार तथा अन्य संघ संस्थासंग समन्वय गरी सम्पन्न गर्ने नीति लिइएको छ ।
- घरेलु हिंसा, लागुऔषध दुर्व्यसन, बालविवाह, मानव वेचविखन जस्ता अपराधको मूल कारण पहिचान तथा निदान गर्न समुदायसँगको साझेदारीमा आवश्यक निगरानी तथा सचेतामूलक कार्यक्रमका लागि पालिका भित्रका प्रहरी चौकीसँग समन्वय र सहकार्य गरिनेछ । साथै विद्यालय स्तरमा पुगी प्रहरी सचेतना कार्यक्रम समेत सञ्चालन गरिने छ ।
- मेघा विद्यालयको अवधारणालाई आत्मसाथ गरि कक्षा स्थगन, विद्यालय तह मिलान तथा समायोजन गरिनुका साथै नयाँ आउने विद्यालय शिक्षा ऐन वमोजिम स्थानीय शिक्षा ऐन लाई संघिय शिक्षा ऐन वमोजिम परिमार्जन गरिनुका साथै आवासीय विद्यालय संचालनका लागि नियमावली तथा कार्यविधि निर्माण गरि आवश्यक प्रकृया अगाडी वढाईने छ ।
- वालवालिकामा वित्त सम्वन्धि जानकारी दिने र अनुशासन, संस्कार सहितको शिक्षाका साथै सकरात्मक सोचको विकास गर्ने अभिप्रायलेविद्यालय स्तरमा एक दिने वित्तिय साक्षरताका साथै र एक दिने मनोसामाजिक सचेतना कार्यक्रम वडा नं. १,२,३,६ र ७का मावि विद्यालयहरुमा सम्पन्न गरिएको जानकारी गराउदै पालिकाका सवै माविहरुमा सो कार्यक्रम संचालन गरिनेछ ।
- काठेखोलाको एकमात्र नमुना मा.वि. श्री अमर नमुना मा.वि. मा आगमी बर्षदेखि नमुना मन्टेश्वरी सञ्चालन गरिनेछ ।

## स्वास्थ्य :

नागरिकहरुको स्वास्थ्य सेवालाई ध्यानमा राखी स्वास्थ्य शाखाको वार्षिक समिक्षा, मासिक समिक्षा, विभिन्न प्रकारका खोप अभियान जस्ता कार्यक्रमहरु सञ्चालन गरिएको छ । सबै वडाका स्वास्थ्य संस्थाहरुलाई विद्युतिय प्रणालीमा समावेश गरि अनलाईन दर्ता प्रक्रिया सञ्चालनका लागि सफ्टवेयर सहितको अभिमुखिकरण तालिम सञ्चालन गरि Electronic Health Information Recording and Reporting System (EHIRRS) कार्यक्रम लागु गरिएको छ। गाउँपालिकाका सवै वडा तथा घरपरिवारको स्वास्थ्य विवरण सहितको यथार्थ बस्तुस्थिति झल्कने विवरणका लागि पारीवारीक स्वास्थ्य प्रोफाइलका लागि स्वास्थ्यकर्मीहरुद्धारा विवरण संकलन गरि बास्तविक अवस्था थाहा पाउने Family Health Profile कार्यक्रम सञ्चालनमा ल्याइएको छ। त्यसैगरि गर्भवति तथा सुत्केरी महिलाहरुका लागि अण्डा, आयोनुन तथा क्याल्सियम वितरण कार्यलाई यस बर्षपनि निरन्तरता दिइएको छ । विद्यालय स्तरमा स्वास्थ्य प्रर्वद्धनका लागि अभिमुखिकरण तथा स्वास्थ्य शिक्षा जस्ता कार्यक्रमहरु पनि सञ्चालन गरिसकिएको अवगत गराउदछु यस कार्यलाई यस बर्षपनि निरन्तरता दिइनेछ। मृगौला प्रत्यारोपण, मृगौला ट्रान्सप्लान्ट, क्यान्सर र स्पाइनल एन्ज्युरी भएका जना विरामीहरुलाई औषधी उपचार खर्चका लागि मासिक पाँच हजारका दरले वितरण गरिने कार्यलाई प्रभावकारीताका साथ अगाडी बढाइएको छ । स्वास्थ्य विमा कार्यक्रम अन्तरगत आगमी बर्ष गाउँपालिका भित्रका १२० बिपन्न घरपरिवारहरुलाई स्वास्थ्य विमा गर्ने कामलाई यस बर्ष पनि निरन्तरता दिइने छ ।

काठेखोला गाउँपालिकाका हरेक नागरिकहरुलाई आधारभुत तथा गुणस्तरिय स्वास्थ्य सेवा प्रदान गर्न गराउन उचित ध्यान पुराइएको छ । नेपाल सरकारद्धारा निशुल्क रुपमा बितरण गरिने औषधिलाई प्राप्त मात्रामा बितरण गर्न आवस्यक प्रक्रियाहरु अगाडि बढाएका छौं । गर्भवति महिला र शिशुको स्वास्थ्य अवस्थालाई ध्यानमा राखी आमा सुरक्षा कार्यक्रम अन्तरगत अण्डा, आयोदिन नुन लगायत पोषणयुक्त खाद्य सामाग्री वितरण कार्यलाई प्रभावकारी ढंगले सञ्चालन गरिएको छ । हाम्रा हरेक नागरिकहरुको आधारभुत तथा गुणस्तरिय स्वास्थ्य सेवामा बराबर पहुँच अभिबृद्धि गराउनु हाम्रो पहिलो कर्तब्य हुनेछ जसका लागि “म स्वस्थ, मेरो गाउँ स्वस्थ” अभियान यस बर्ष पनि सञ्चालन गरिने छ। आर्थिक रुपमा अति विपन्न गाउँपालिका वासीहरुको स्वास्थ जाँच र उपचारका लागि आवस्यक प्रबन्ध गरिनेछ ।

- “हाम्रो सम्पत्ति र सम्मान : जेष्ठ नागरिक” भन्ने नाराका साथ जेष्ठ नागरिकहरुको स्वास्थ्य अवस्थालाई ध्यानमा राखी जेष्ठ नागरिकहरुको स्वास्थ्य जाँच कार्यक्रम सञ्चालन गरिने छ ।
- काठेखोला गाउँपालिकामा सञ्चालनमा रहेका स्वास्थ्य संस्थाहरुलाई अरु ब्यवस्थित गरि सबै वार्डहरुमा सुविधा सम्पन्न स्वास्थ्य चौकी निर्माणमा बिशेष जोड दिईनेछ भने सुरक्षित सुत्केरी गृहलाई अझ सुबिधा सम्पन्न बनाउन आवश्यक पहल गरिनेछ ।
- सबै नागरिकहरुलाई मृगौला, मुटु, उच्च रक्तचाप, मधुमेह जस्ता रोगको निःशुल्क जाँच र उपचारको प्रबन्ध मिलाइने छ ।
- गुणस्तरिय स्वास्थ्य सेवामा सबैको पहुँच बृद्धि गर्न नेपाल सरकारको स्वास्थ्य बिमा कार्यक्रमलाई अवलम्वन गर्दै प्रभावकारी ढंगले कार्यान्वयनमा जोड दिईनेछ ।
- विद्यालय स्वास्थ्य कार्यक्रम अन्तगरत सामुदायिक विद्यालयहरुमा विद्याथीहरुको नियमित स्वास्थ परिक्षण र स्वास्थ्य अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।
- नवजात शिशु र गर्भवति महिलाहरुको स्वास्थ्यलाई बिशेष ध्यानमा राखी पोषण सुधारका लागि सञ्चालन गरिएको आमा सुरक्षा कार्यक्रम यस बर्षपनि सञ्चालनमा ल्याइनेछ । उक्त कार्यक्रम मार्फत अन्डा, आयोदिन नुन लगायतका पोषणयुक्त खाद्य सामाग्री बितरणका गर्नुका साथै सुत्केरी महिला घरभेट कार्यक्रम समेत सञ्चालन गरिने छ ।

- वार्ड स्तरमा रहेका स्वास्थ्य चौकीहरुको स्वास्थ्य सेवा प्रवाह लाई अझै व्यवस्थित गर्न स्वास्थ्य चौकी सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक बजेट व्यवस्थापन गरिनेछ ।
- बर्थिङ्ग सेन्टर र स्वास्थ क्लिनिकहरुको सेवालाइ थप स्तरोन्नति गर्ने क्रममा प्रयोगशाला सहितको सेवा उपलब्ध गराउने कार्यक्रम संचालन बिशेष जोड दिइने छ ।
- महिला स्वास्थ्य स्वयमसेविकाहरुको यातायात खर्च व्यवस्थापन गर्ने गरि वहाँहरुलाई मासिक यातायात खर्च व्यवस्थापन गरिनेछ ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरुको दक्षता विकास तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी बनाउन जोड दिइने छ । स्वयमसेविकाहरुको बार्षिक तथा अर्धबार्षिक समिक्षा गरि टोलबस्तीको स्वास्थ्य स्थिति जानाकारी लिनुका साथै विगतको समिक्षा र आगामी कार्यक्रमको तर्जुमा गरिनेछ । त्यसैगरि उमेर हद नाघेका सामुदायिक महिला स्वास्थ्य स्वयमसेविकाहरुलाई नगद सहितको विशेष सम्मान गरि विदाई गरिनेछ ।
- किशोर किशोरीमैत्री स्वास्थ्य संस्था निर्माणको लागि आवश्यक पहल गरिनेछ ।
- अहिले पनि बालविवाह गर्ने गरेको पाईएकोले त्यसलाई न्युनिकरण गर्न सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
- विद्यालय स्तरमा लागु औषध, मानसिक स्वास्थ्य र नसर्ने रोगहरुको बारेमा विद्यार्थीहरुलाई सुसुचित गर्ने साथै रक्तअल्पत्ता पहिचान र सरसफाइको बारेमा जागरण कार्यक्रमहरु संचालन गरिनेछ ।
- गरीव तथा पछाडी परेका बिपन्न नागरिकहरुलाई लक्षित गरि विगत बर्ष देखिनै सञ्चालन गरिदै आइएको विपन्न नागरिकहरुलाई यस बर्ष पनि निःशुल्क स्वास्थ्य वीमा गरिनेछ ।
- केही स्वास्थ्य चौकीहरुमा ल्याव सेवा सञ्चालन भैरहेको र आगामी बर्ष भीमापोखरा स्वास्थ्य चौकी र धम्जा स्वास्थ्य चौकीमा ल्याब सेवा सञ्चालन गरिनेछ ।
- स्वास्थ्य संस्थावाट उपलब्ध हुने निशुल्क औषधीको कमि हुन नदिन आवश्यक व्यवस्था मिलाइनेछ ।
- स्थानीय स्तरमा पाइने जडिबुटी परिचयात्मक कार्यक्रम सञ्चालन गरि नागरिकहरुलाई हाम्रा बनजंगलहरुमा पाईने जडिबुटिको बारेमा सुसुचित गरिनेछ ।
- आर्युवेद शाखाको आफ्नै जग्गामा भवन निर्माण गरि आफ्नै भवनबाट आर्युवेद स्वास्थ्य सेवा प्रदान गरिनेछ ।
- प्राप्त मात्रामा आर्युवेद औषधी खरिद गरि सेवा प्रदान गरिनेछ ।
- सुविधा सम्पन्न कक्ष व्यवस्थापन गरि स्वेदन बास्प मेसिन सञ्चालनमा ल्याइने छ ।
- आर्युवेदिक विधिको औषधोपचारका वारेमा जनस्तरमा सचेतना लगायतका कार्यक्रमहरु संचालन गरिनेछ ।
- योग शिविर, प्रशिक्षण, आर्युवेद स्वास्थ्य शिविरको व्यवस्था मिलाइनेछ ।

## खानेपानी तथा सरसफाई

हाम्रो देश प्रचुर प्राकृतिक श्रोत भएको देश हो । जलश्रोतमा त हाम्रो देश विश्वकै दोश्रो ठुलो राष्ट भनिएता हो । तर त्यसको उचित व्यवस्थापन गर्न नसक्दा खानेपानीको समस्या अहिले पनि विकारालको स्थितिमा छ । पानीको मुहानहरु विस्तारै सुक्दै गहिरहेका छन । भएका पानीका श्रोतहरु पनि व्यवस्थित नहुदा खानेपानीको व्यवस्थापनमा निकै चुनौति थपिएको छ । मानव जिवनको मुख्य आधार खानेपानीको श्रोतहरु बर्षेनी घट्दै गहिरहेका अवस्थालाई हामीले वेवास्ता गर्यौ भने भोलि महासंकट उत्पन्न हुनेछ । श्रोतको सिमितता, बढ्दो जनसंख्या र विकास निर्माणका क्रममा डोजर भ्याकुरको प्रयोगले हाम्रा पानीका

श्रोतहरु विस्तारै सुक्दै गएका हुन । आखिर कारण जे भएपनि नागरिकहरुलाई स्वच्छ खानेपानीको व्यवस्थापन गर्नु र पानीका श्रोत तथा मुहानहरु सुक्न नदिनु हामी सबैको कर्तब्य हो । दिगो विकास लक्ष्यले समेत सन २०३० सम्ममा सवै नागरिकहरुलाइ स्वच्छ खानेपानीको प्रवन्ध मिलाउने भनेर लक्ष्य राखेको छ । स्वच्छ र सफा खानेपानी पिउन पाउने अधिकार हरेक नागरिकहरुको नैसर्गिक अधिकार हो । नेपाल यसको पक्ष राष्ट्र भएकाले यस्को प्रवन्धका लागि स्थानिय सरकार प्रतिवद्ध रहेको कुरा अवगत गराउन चाहन्छु ।

- काठेखोलाबासी नागरिकहरुलाई स्वच्छ र सफा खानेपानीको व्यवस्था गर्न गाउँपालिका भित्र भएका खानेपानीको मुलहरुको सम्भाव्यता अध्ययन गरिएको जानाकारी गराउदै गाउँपालिकाभित्रका नागरिकहरुलाई स्वच्छ र खानेपानीको प्रवन्वध मिलाइनेछ ।
- पानीको श्रोत नभएका बस्तीहरुमा जमिन मुनीबाट पानी निकाल्ने प्रविधिको प्रयोग गरि नागरिकहरुलाई स्वच्छ खानेपानीको व्यवस्था मिलाईनेछ । वडा नं.५ बिहुँकोट केही टोलबस्तीहरुमा खानेपानीको निकै समस्या रहेको र श्रोतको पनि अभाव रहेकोले विज्ञहरुद्धारा सम्भाव्यता अध्ययन गरिसकिएको र प्राप्त मात्रामा जमिनमुनी पानी भएको रिपोर्ट प्राप्त भएसंगै डिप प्रविधिको प्रयोग गरि जमिनमुनीको पानी निकाल्ने काम अव छिट्टै सुरुवात गरिने सभा समक्ष जानाकारी गराउदछु । साथै गण्डकी प्रदेश सरकारको सहयोगमा वडा नं. ६ बिहुँ स्थित सौरेनी, ताराखसे, गिठापाटा, बयलडाँडा, टापु, जलजला र सुलडाँडा क्षेत्रलाई लक्षित गरी लिफ्टीङ प्रविधिबाट पानी व्यवस्थापन गर्ने काम भइरहेको सभासमक्ष जानकारी गराउदै यस बर्षभित्र योजना सम्पन्न गरी खानेपानीको व्यवस्थापन गरिनेछ ।
- खानेपानीको स्वच्छता र सरफाईका लागि वडा तथा टोल स्तरमा रहेका खानेपानी उपभोक्ता समितिलाइ अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिने छ ।
- सञ्चालनमा रहेका खानेपानी योजनाहरुको पानी परिक्षण तथा सुद्धिढिकरण गरिने छ ।
- खानेपानीको मुल दर्ता गर्ने कार्यलाई विशेष प्राथमिकताका साथ सञ्चालन गरिने छ ।
- स-साना पानीको मुल संरक्षणका लागि कार्यक्रम सञ्चालन गरिनेछ ।

## कला, संस्कृति तथा खेलकुद :

खेल मानव जिवनको एक अभिन्न अंग हो । कुनैपनि गाउँ, समाज र राष्ट्रको गरिमा, प्रतिष्ठा र पहिचान झल्काउन खेलकुद क्षेत्रको निकै महत्वपुर्ण भुमिका हुन्छ । खेलकुदले मानव स्वास्थ्यका लागि महत्वपुर्ण भूमिका खेलेको देखिन्छ । भनिन्छ स्वस्थ सरिर नै हरेक मान्छेका लागि सुख हो आनन्द हो र सन्तुष्टि पनि । रुग्न सरीर र रुग्न मानससिकताले मान्छे पूर्ण रुपमा कमजोर मात्र होइन हरेक हिसावले अपांग हुन पुग्दछ । खेलले देशलाई जिताउन सक्छ, देश प्रतिको प्रेम जागृत गराउदछ, आपसी एकता, मित्रता र भातृत्वको सम्वन्ध स्थापित गर्दछ । साहश, प्रतिभा र सिर्जनशिलताले भरिपुर्ण युवाहरुलाई खेलकुद क्षेत्रबाट स्वस्थ, सभ्य र अनुशासित नागरिक बनाउदै खेलाडीहरुलाई समाज विकासको यात्रामा समाहित गर्नु हामी सबैको कर्तब्य हो । खेलकुदको माध्यमबाट अन्तर पालिका, अन्तर जिल्ला, अन्तर प्रदेश र अन्तर देशीय सम्वन्ध जोडिने मात्र होइन समग्र देशको गौरव बढाउने हुदा यसको विकासमा हामी सवै गम्भिर बन्नु पर्दछ। खेलकुद क्षेत्रको विकासले सामाजिक एकता, भातृत्व, सामिप्यता र समृद्धिको आधारशिला तयार पार्ने हुदा यसको विकास र विस्तारमा हामी सबैको ध्यान पुग्नु जरुरी देखिन्छ ।

काठेखोलाको खेलकुद क्षेत्रलाई अझै थप प्रवद्धन गर्दै खेलकुद मैदान निर्माण, खेल सामाग्रीहरुको व्यवस्थापन र खेलकुद एवम सांगितिक कार्यक्रमहरुलाई आर्थिक सहयोग जस्ता कार्यहरु गरि खेलाडीहरु प्रति थप हौशला र उत्प्रेरणा जगाउदै आएका छौ । स्थानीय स्तरमा सञ्चालनमा रहेको खेलकुद, साहित्यिक एवम सांस्कृतिक संघ, संस्था एवम क्लवहरुलाई बैधानिकता एवम कानुनी मान्यता प्रदान गर्न संस्था दर्ता

कार्यविधि बनाई लागु गरिएको छ । विभिन्न वार्डहरुमा सञ्चालनमा रहेका दर्ता एवम गाउँपालिकामा सुचिक्रित भएका क्लव एवम संघ संस्थाहरुले विभिन्न चाडपर्वहरुको अवसरमा आयोजना गर्ने मेला, उत्सव एवम खेलकुद कार्यक्रमहरुमा खेलकुद सामाग्री तथा आर्थिक सहयोग गरिदै आइएको छ । विद्यार्थीहरुलाई लक्षित गरि हरेक बर्ष सञ्चालन हुने राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता यस बर्ष पनि थप व्यवस्थापनका साथ मिति २०८१ पौष ६ र ७ गते श्री भीमसेन मा.वि.को प्राङ्गणमा सञ्चालन गरि गाउँपालिका भित्रका सम्पूर्ण माध्यमिक विद्यालयहरुबाट ९१ जना विद्यार्थीहरुलाई छनौट गरि जिल्ला स्तरमा हुने ११ औं बागलुङ जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा पठाइएको व्यवहोरा अवगत गराउदछु । बागलुङ बजारको बाँगेचौर खेलमैदानमा सम्पन्न जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा काठेखोला गाउँपालिकाबाट सहभागी विद्यार्थी खेलाडीहरुद्धारा ३ स्वर्ण, ४ रजत र १३ काँस्य गरी जम्मा २० वटा पदक दिलाउन सफल हुनुभएको थियो । विजेता विद्यार्थीहरुलाई हार्दिक बधाई अर्पण गर्दै सहभागी अन्य विद्यार्थीहरुमा अझै प्रगति, सफलता र खेल जीवनको निरन्तरताको कामना गर्दछु ।

- हरेक बर्ष सञ्चालन हुने विद्यार्थी लक्षित राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता यस बर्ष पनि अझै थप व्यवस्थित र प्रभावकारी ढंगले सञ्चालन गरिने छ । साथै गाउँपालिकाबाट छनौट भएका खेलाडीहरुलाई जिल्ला स्तरीय प्रतियोगितामा सहभागी गराईने छ । काठेखोला गाउँपालिका स्तरीय सातौं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई ब्यवस्थित र प्रभावकारी ढंगले सञ्चालनका गर्न काठेखोला गाउँपालिका स्तरीय कला, संस्कृति तथा खेलकुद विकास समितिलाई पूर्ण जिम्मेवारी दिइने छ ।
- गण्डकी प्रदेश स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता यस बर्ष बागलुङ जिल्लामा सञ्चालन हुने र केही विधागत खेलहरु काठेखोला गाउँपालिकामा सञ्चालन जिल्ला खेलकुद विकास समिति बागलुङबाट जानकारी प्राप्त भएको छ । प्रदेश स्तरीय प्रतियोगिता हाम्रो गाउँपालिकामा सञ्चालन हुनु हामी सबैका लागि साँच्चिकै खुसी र गर्वको कुरा हो । यसलाई व्यवस्थित र गाउँपालिकाको पहिचान दिने ढंगले सम्पन्न गर्न काठेखोला गाउँपालिकाको सम्पुर्ण टीम परिचालन गरिनेछ ।
- काठेखोला गाउँपालिकाको खेलकुद विकासमा भएका पछिल्ला गतिविधिहरुले गाउँपालिकाको खेलकुद क्षेत्रमा नयाँ आशा र सुन्दर सम्भावनाहरु पलाएको छ । प्रतिभाहरुको विकास, विस्तार र प्रवर्द्धनका लागि काठेखोला गाउँपालिका स्तरीय कला संस्कृति तथा खेलकुद विकास समितिलाई अझै क्रियाशिल बनाई प्रभावकारी ढंगले सञ्चालन गरिने छ ।
- खेलाडी उत्पादन, संरक्षण र सम्वर्द्धनका लागि जिल्ला खेलकुद विकास समिति, बागलुङसंग सहकार्य गरि विभिन्न खेलकुद बिधाहरुमा तालिम तथा प्रशिक्षण कार्यक्रम कार्यक्रम सञ्चालन गरिने छ ।
- काठेखोला गाउँपालिका भित्रका विभिन्न विधाका उत्कृष्ट खेलाडी एवम साहित्य, कला, संगीत र संस्कृतिको क्षेत्रमा बिशेष योगदान पुऱ्याउनुहुने बिभिन्न प्रतिभाहरुलाई सम्मान एवम् प्रोहोत्साहन गरिनेछ ।
- हाम्रो गाउँपालिकामामा बिस्तारै लोप हुदै गइरहेको यानीमाया, सालैजो, सोरठी, झ्याउरे लगायतका पुराना मौलिक भाकाहरु, लोक नृत्य र लोक बाजाहरुको संरक्षण र उजागर गर्ने कार्यमा बिशेष जोड दिईने छ । सोरठी जस्ता पुराना एवम मौलिक संस्कृतिलाइ संरक्षण तथा संवर्द्धनमा बिशेष पहल गरिनेछ । साथै यस बर्ष काठेखोला गाउँपालिकाको पहिचान दिने गाउँपालिकाको गीत र मौलिक संस्कृतिको रुपमा स्थापित सोरठी गीतको रेकडिङ र छायाँकण गरिनेछ ।

- गाउँपालिका भित्रका सवै धर्म, क्षेत्र र जातिहरुको धार्मीक एवम पौराणिक सांस्कृतिक धरोहरहरुको संरक्षण गरि त्यस्ता धार्मिक एवम सांस्कृतिक धरोहरहरुलाई सुन्दर र रमणीय स्थल बनाई पर्यटन प्रवर्द्धन गर्न जोड दिईने छ ।
- काठेखोला गाउँपालिका भित्र आयोजना हुने मेला, पर्व, महोत्सवहरुमा सोरठी, झ्याउरे, भजन, लगायतका विविध जातीय भेषभुषा, मौलिक संस्कृति झल्किने पञ्चेबाजा, सोरठी लगायतका साँस्कृतिक झाँकीहरु प्रदर्शन गर्ने नीति लिइनेछ ।
- गाउँपालिका भित्रको विभिन्न वार्डहरुमा खेल क्षेत्रको पूर्वाधार निर्माण गर्न विशेष जोड दिइने छ ।
- खेल तथा कला संगीतका प्रतिभा प्रोत्साहनका कार्यक्रमहरु सञ्चालनमा जोड दिईनेछ । विषयगत खेलहरुमा विजेता हुने खेलाडीहरुलाई हौसल्ला र प्रोत्साहनका लागि सम्मान तथा प्रोत्साहन गरिने छ ।
- स्थानीय स्तरमा रहेका खेलकुद तथा कला, साहित्य र संस्कृति संग सम्वन्धित क्लव, संघ, संस्था, सांस्कृतिक परिवार लगायतका संस्थाहरु दर्ता तथा सुचिकृत हुने ब्यवस्था व्यवस्था गरिएको छ दर्ता, सुचिक्रित तथा नविकरण गर्ने कार्यलाई यसबर्ष कदाईका साथ कार्यन्वयन गरिनेछ ।
- सवै खेल विधाहरुलाई प्राथामिकतामा राखी वडा स्तरका मैदान निर्माण कार्यलाई व्यवस्थित गराउदै खेलकुद प्रतियोगिताहरु संचालनमा प्रोत्साहन गरिनेछ ।

## सामाजिक समावेशिकरण :

भौतिक पूर्वाधार मात्र विकास हो भन्ने मानसिकतालाई विस्थापित गरि नागरिकहरुलाई शसक्तिकरण गर्दै सक्षम, सवल र आत्मनिर्भरयुक्त नागरिक बनाउने हाम्रो अभियानले निकै सार्थकता पाएको मैले महसुस गरेको छु । यहाँहरुलाई अवगत नै छ हामीले विभिन्न क्षेत्रबाट पछाडी परेका र पारीएका क्षेत्र, बर्ग, जाति र समुदायलाई राज्य र विकासको मुल प्रवाहमा समाहित गर्ने उद्देश्यका साथ सामाजिक समावेशीकरणका कार्यक्रम सञ्चालनमा ल्याइएको छ । महिला, दलित, जनजाति र आर्थिक रुपमा विपन्न नागरिकहरुका २१ जना विद्यार्थीहरुलाई अध्ययनमा केही सहयोग पुगोस भन्ने हेतुले तिन बर्ष सम्मका लागि धौलागिरि प्राविधिक शिक्षालय मुस्ताङ लेतेमा काठेखोला गाउँपालिकाको पूर्ण छात्रबृत्तिमा अध्ययन गराइरहेको र सो कार्यक्रमलाई केही हेरफेर र परिमार्जित गरि यस बर्ष पनि निरन्तरता दिइनेछ । त्यसैगरि भिमसेन मा.वि.मा प्राविधिक धार अध्ययन गर्ने ३२ जना सोही बर्गका विद्यार्थीहरुलाई गाउँपालिकाकै छात्रबृत्तिमा अध्ययन गर्ने व्यवस्था मिलाइएको छ यस कार्यक्रमलाई यस बर्ष पनि निरन्तरता दिइने छ । भने आर्थिक रुपमा विपन्न बर्गका नागरिकहरु र युवा बर्गलाई लक्षित गरि बिभिन्न प्रकारका सीपमुलक तालिमहरु सञ्चालनमा पनि उत्तिकै जोड दिइएको छ । राज्य र विकासको मुल प्रवाहिकरणवाट पछाडि परेका र पारीएका बर्ग एवम समुदायहरुलाई मुल प्रवाहमा समाहित गर्नु हाम्रो दायित्व हो । नेपाल सरकारले लागू गरेको लैंगिक समानता र सामाजिक समावेशीकरणको नीतिलाई हामीले पुर्ण रुपमा अवलम्वन गरिनेछ ।

- महिला, दलित, आदिबासी, जनजाति, अल्पसंख्यक, जेष्ठ नागरिक, बालबालिका र आपांगता भएका ब्यक्ति तथा बर्गलाई राज्य र विकासको मुल प्रवाहमा समाहित गर्न आवश्यक कदम चालिनेछ । सामाजिक र आर्थिक अवसरहरुमा समान सहभागिता सुनिश्चित गरि लैङ्गीक मुल प्रवाहिकरण र शसक्तिकरण गर्ने अभिप्रायले हरेक लक्षितबर्गको लागि यस बर्ष "समाबेशी बर्गका लागि शसक्तिकरण अभियान-२०८२" सञ्चालन गरिनेछ । उक्त अभियानले लैङ्गिक र जातिय समानता मार्फत मर्यादित, न्यायपुर्ण  सुरक्षित र सभ्य समाजको विकास हुने लक्ष्य लिएको छु ।
- सामाजिक विभेद र गरिवी र विपन्नताको अभावमा जिवन बिताइरहेका दलित समुदायहरुको स्वास्थ्य अवस्थालाई ध्यानमा राखी काठेखोला गाउँपालिका भित्रका सम्पुर्ण दलित समुदायका नागरिकहरुलाई निशुल्क स्वास्थ्य विमा गर्ने गरि गत बर्षदेखि सञ्चालनमा ल्याइएको ***"अध्यक्षसंग***

*दलित नागरिक स्वास्थ्य विमा कार्यक्रम"* लाई यस बर्ष पनि निरन्तरता दिईने छ । साथै गाउँपालिकाभित्रका सवै बर्ग, लिङ्ग र समुदायका विपन्न नागरिकहरुका लागि सञ्चालन गर्दै आईएको स्वास्थ्य विमा कार्यक्रमलाई यस बर्ष प्रत्येक वडाका १५ घर परिवार गरी जम्मा १२० घरपरिवारको निशुल्क स्वास्थ्य बिमा गरिनेछ ।

- शसक्तिकरण कार्यक्रमसंगै उनिहरुको आर्थिक विकासमा टेवा पुग्ने खालका क्षमता विकास तथा सिपमुलक र आय आर्जनका कार्यक्रममा पनि उत्तिकै जोड दिईनेछ । लक्षित समुदायहरुको सिप, क्षमता विकासका लागि विगतदेखि नै सञ्चालनमा आएको ***अध्यक्षसंग सीप विकास कार्यक्रम*** संग जोडी आवस्यक शिप विकास तालिम संचालनमा जोड दिईनेछ । भने दलित समुदायको पुर्ख्यौली पेशा सुधार र आय आर्जनका लागि विविध कार्यक्रम सञ्चालन गरिनेछ ।
- यस बर्ष हरेक वडामा पुगी जातीय विभेद विरुद्ध शसक्तिकरण गर्ने अभिप्रायले वडा स्तरीय अभिमुखिकरण गरी वडा स्तरीय दलित समन्वय समिति गठन गरिनेछ ।
- यस चालु आ.व.मा सामाजिक विभेद विरुद्धको जागरण, आर्थिक समृद्धि र शसक्तिकरण हाम्रो अभियान भन्ने मुल नाराका साथ जातीय भेडभाव तथा छुवाछुत उन्मुलन दिवस भव्यताका साथ मनाईएको व्यवहोरा अवगत गराउदै यस बर्ष पनि जातीय भेडभाव तथा छुवाछुत उन्मुलन दिवस थप ब्यवस्थित र प्रभावकारी ढंगले उत्साहजनक रुपमा मनाईने छ ।
- यस क्षेत्रका दलित, महिला, जनजाति, अपांगता भएका व्यक्तिहरु तथा काठेखोला गाउपालिकाका सवै जाति समुदाय लिंगको प्रतिनिधित्व गर्दै सशक्तिकरण र क्षमता विकास गराउदै मुल प्रवाहिकरणमा ल्याउन आवश्यक पहल गरिनेछ । अझैपनि सामाजिक विभेदको रुपमा रहेको जातिय छुवाछुत प्रथालाई जरैदेखि उन्मुलन गर्न बिभिन्न सचेतनामुलक कार्यक्रमहरु सञ्चालनमा ल्याइने छ । साथै दलित समुदायहरुको शसक्तिकरण र आर्थिक आयआर्जन बृद्धि गर्न ***दलित शसक्तिकरण अभियान*** सञ्चालन गरिने छ ।
- दलित समुदायको परियार जातिहरुले पुस्तौपुस्तादेखि संरक्षण गर्दै आएको मौलिक पञ्चेबाजालाई थप व्यवसायिक बनाउदै काठेखोला गाउँपालिकाभित्र हुने विवाह, बर्तवन्ध, पुजाआजा लगायतका अन्य शुभकार्यमा बाहिरी जिल्ला, वा गाउँपालिकाबाट पारिश्रमिक लिई पञ्चेबाजा बजाउन आउने समुहलाई करको दायरामा ल्याउने नीति ल्याइने छ । भने छोरीको विवाहमा जन्तीको रुपमा दुलाहा पक्षबाट आउने पञ्चेबाजा समुहलाई यो नीति लागु नहुने व्यवहोरा अवगत गराउदछु ।
- परम्परागत सीप तथा पेशालाई आधुनिकिकरण र व्यवसायीकरणको वातावरण मिलाइनेछ । जेष्ठ नागरिकहरुमा रहेको ज्ञान सीपलाइ अन्तर पुस्ता सीप हस्तान्तरणको व्यवस्था मिलाइनेछ ।
- आर्थिक रुपमा विपन्न दलित समुदायहरुको शैक्षिक विकासमा जोड दिदै विद्यार्थीहरुका लागि शैक्षिक प्रोत्साहन कार्यक्रम सञ्चालन गरिने छ ।
- दलित समुदायहरुको आय आर्जनमा बद्धि गर्न आयआर्जन तथा स्वरोजगार कार्यक्रम सञ्चालनका लागि आवस्यक बजेट सहित कार्यक्रम सञ्चालन गरिने छ ।
- महिलाहरुमा उद्यमशिलताको विकास गरि सीप विकास कार्यक्रम सञ्चालन गरिने छ । साथै गाउँपालिका भित्रका किशोरीहरुका लागि सचेतनामुलक कार्यक्रम सञ्चालन गरिने छ ।
- यस बर्ष लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान साथै अर्न्तराष्ट्रिय श्रमिक महिला दिवस लाई उत्साहका साथ विविध कार्यक्रमहरुका साथ प्रत्येक वडा स्तरमा पुगी मनाईने छ । साथै महिला विरुद्ध हुने सवै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धी र बेइंजिङ घोषणपत्रमा भएका व्यवस्था अनुरुपका कार्यक्रमहरुलाई उच्च प्रथामिकताका साथ सञ्चालन गरिनेछ ।
- महिलाहरुका लागि सीप विकास तालिम सञ्चालन गरिनेछ ।

- हामीले उत्पादन गरेका महिला उद्यमीहरु र स्थानीय महिला समन्वय समितिका सदस्यहरुका लागि अध्ययन अवलोकन भ्रमण गरी उद्यमीहरुलाई थप प्रोत्साहन र हौसला प्रदान गरिनेछ ।
- गाउँसभाका महिला सदस्य एवम स्थानीय महिला समन्वय समितिका सदस्यहरुका लागि लै.स.सा.स.सम्वन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिने छ ।
- महिला तथा किशोरीहरुका लागि विशेष तालिम सञ्चालन गरिनेछ ।
- काठेखोला गाउँपालिकामा समान कामको समान ज्यालाको नीति लागु भएको र यसलाई व्यवहारिक रुपमा कार्यन्वयनमा ल्याउन जोड दिइने छ ।
- मगर समुदायहरुको बाहुल्यता रहेको यस गाउँपालिका र यहाँ बसोबास गर्ने मगर समुदायहरुलाई आफ्नो भाषाको बारेमा सुसुचित गर्ने अभिप्रायले यस बर्ष मगरभाषा कक्षा सञ्चालन गरिने छ । साथै जनजाति समुदायको क्षमता एवम नेतृत्व विकास गर्न क्षमता एवम नेतृत्व विकास सम्वन्धि तालिम तथा प्रशिक्षण सञ्चालन गरिनेछ ।
- स्थानीय सीप तथा ज्ञानमा आधारित व्यवसाय प्रवर्द्धनका लागि बाँस तथा बेद सम्वन्धि तालिम र प्रविधि हस्तारण कार्यक्रम गत बर्ष सञ्चालन भएको र यसलाई यसबर्ष पनि निरन्तरता दिइनेछ । साथै काष्ठकला सम्वन्धि सीप विकास तालिम समेत सञ्चालन गरिने छ ।
- जनजाति समुदायका भाषा, कला, संस्कृति संरक्षणका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिने छ ।
- जनजातिहरुको पम्परागत पेशा, व्यवसायको संरक्षण एवम प्रवर्द्धन गर्दै उद्यमी बनाउने उद्धेश्यका साथ आवश्यक कार्यक्रम सञ्चालनमा ल्याइने छ ।
- अपांगता भएका व्यक्तिहरुको सवालमा सरोकारवालाहरु माझ उनिहरुको हक अधिकार सम्वन्धि अभिमुखीकरण गरि क र ख बर्गका अपांगता परिचय पत्र भएका व्यक्तिहरुको घरघरमा पुगी बास्तविक अवस्था वुझी समस्यालाई समाधन गर्न विशेष पहल गरिने छ ।
- ग र घ बर्गका अपांगता परिचयपत्र भएका व्यक्तिहरुको आर्थिक एवम सामाजिक शसक्तिकरणका लागि जिविकोपार्जनका कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- क र ख बर्गका अपांगता भएका व्यक्तिहरुको अवस्था अनुगमन गरिनुका साथै विश्व अपांगता दिवस विशेष कार्यक्रमका साथ मनाइने छ ।
- नेपाल सरकारको वि.सं.२०८७ सम्म बालमैत्री स्थानीय शासन घोषणा गर्ने लक्षलाई आत्मसाथ गर्दै बालश्रम शोषण, बाल यौन दुरर्व्यवहार, बालविवाह र दुर्व्यसनी न्युनिकरणका लागि सचेतनामुलक कार्यक्रमहरुलाई बिशेष प्राथमिकताका साथ अगाडि बढाइने छ । साथै बाल क्लवका पदाधिकारीहरुको क्षमता एवम नेतृत्व विकासका लागि आवश्यक तालिम सञ्चालन गरिने छ । यस बर्ष बालबालिका अधिकार समिति गठन गरी समितिलाई सञ्चालनमा ल्याइने छ ।
- जेष्ठ नागरिक स्वास्थ्य जाँच, परिक्षण एवम जेष्ठ नागरिक स्वास्थ्य शिविर सञ्चालन गरिनुका साथै जेष्ठ नागरिकहरुको मनोवल उच्च राख्नका लागि जेष्ठ नागरिक सम्मान कार्यक्रम समेत सञ्चालन गरिने छ । साथै जेष्ठ नागरिकहरुको अन्तरपुस्ता सीप हस्तान्तरण कार्यक्रम समेत सञ्चालन गरिने छ ।

**उपस्थित गाउसभा सदस्य ज्युहरु,**

अव म पुर्वाधार विकास तर्फ नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु ।

हरेक विकासको पहिलो आधारशिला नै पुर्वाधार हो । विकास सम्वन्धि अवधारणामा भौतिक पुर्वाधारलाई निकै महत्वका साथ हेरिन्छ । पुर्वाधार विनाको विकास असम्भव छ । यातायातलाई समृद्धि प्राप्तिको खुड्किलो भनेर पनि भनिन्छ । अझ हाम्रो ग्रामिण परिवेश र हाम्रा नागरिकहरुको वुझाइमा भौतिक पुर्वाधारलाइ नै विकास भनेर वुझिएको पाइन्छ । त्यसैले त बिगतका थुप्रै आवधिक योजनाहरुले

पनि सडक यातायातलाई उच्च प्राथमिकतामा राख्दै आएका छन । बिगतका बर्षहरुमा हामीले पनि सडक योजना निर्माण कार्यलाई उच्च प्राथमिकता दिइ आयोजना सञ्चालन गर्दै आएका छौ ।

## ३. भौतिक पुर्वाधार विकास

सडक पुर्वाधार :

- सामाजिक तथा आर्थिक क्षेत्र लगायत समग्र विकासमा निक्कै महत्वपुर्ण भुमिका राख्ने सडक निर्माणलाई प्राथमिकता दिई हामीले सुरुवाति बर्षदेखि नै सञ्चालन गरिएको गौरवको योजना मार्फत गाउँपालिकाको केन्द्र देखि प्रत्येक वडा कार्यालयसम्म जोड्ने मोटरबाटोको स्तरोन्नती गर्ने कार्यलाई यस आ.ब.मा पनि निरन्तरता दिएको छु । यस बर्षको गौरबको योजना अन्तरगत काठेखोला-३ धम्जा र वडा नं. ७ रेश को वडा कार्यालयसम्म जोड्ने सडक स्तरोन्नति गर्ने काम गरिनेछ ।
- संघीय सरकार समपुरक अनुदान अन्तरगत यस आ.व.मा भुमेचौर गौडा कादेस हुदै रेश देउराली जोड्ने सडकलाई स्तरोन्नती गरिने छ । भने संघीय सरकार विशेष अनुदान अन्तरगत रेश आधारभुत अस्पताल निर्माणका लागि बजेत तथा कार्यक्रमले निरन्तरता पाएको जानकारी गराउदै यसबर्ष काम सम्पन्न भई सेवा सञ्चालन हुने सभा समक्ष अवगत गराउदछु ।
- संघीय सरकारको सहयोगमा काठेखोला-४ तंग्राम स्थित श्री नारायणी मा.वि.शौचालय निर्माण एवम पूर्वाधार स्तरोन्नती गरिनेछ ।
- काठेखोला गाउँपालिकालाई व्यवस्थित सडक सञ्जालको रुपमा विकास गर्दै दिगो विकास लक्ष प्राप्ति गर्ने अभिप्रायले काठेखोला गाउँपालिकाको सडक गुरुयोजना निर्माण भएको जानाकारी गराउदै आगामी दिनमा यसको प्रभाकारी कार्यन्वयनको नीति अवलम्वन गरिने छ ।
- काठेखोला गाउँपालिका र वडा कार्यालयसंगको साझेदारीतामा वडा कार्यालयले संकलन गरेको राज्वस्व रकम बराबरको साझेदारीतामा प्रत्येक वडाको सडक ढलान, ग्रावेलिङ, ग्याविन लगायतका काममा जोड दिई स्तरोन्नती गरिनेछ ।
- गाउँपालिका भित्र सञ्चालन हुने विभिन्न योजना तथा आयोजनाहरुको डि.पि.आर.तयार गरि कार्यन्वयन गरिनेछ ।
- सडक निर्माण गर्दा पर्यावरणिय दृष्टिकोणलाई मध्यनजर गरि वातारणमैत्री सडक संरचना निर्माण गर्न पहल गरिनेछ । साथै यस बर्षपनि ५० प्रतिशत पुर्वाधार संरचनाको निर्माण कार्य गर्ने निती अवलम्वन गरिने छ ।
- हाम्रा नागरिकहरुलाई बाह्रै महिना यातायात सेवामा सहजता ल्याउने गरि काठेखोला २ भिमापोखरा र काठेखोला ४ तंग्राम जोड्ने डुडिया घाटमा मोटरेवल पक्की पुलको ढलान गर्ने काम सकिसकेको र अन्य निर्माण कार्य अन्तिम चरणमा रहेको सभा समक्ष जानाकारी गराउदै सिलिखेत चनौटे मोटरेवल पुल निर्माणको लागि आवश्यक प्रक्रिया अगाडी वढाइनेछ भने अन्य सम्भावित स्थानमा मोटरेवल पुलको सम्भाव्यता अध्ययन, डिपिआर गरि निर्माणका लागि आवश्यक पहल गरिनेछ ।
- काठेखोला गाउँपालिका अन्तरगत पर्ने भिमापोखरा, धम्जा, तंग्राम, बिहुँ, लेखानी हुदै रेश सम्म जोड्ने रिङरोड सडक खण्डको स्तरोन्नतिका लागि आवश्यक पर्ने श्रोतका लागि संघिय एवम प्रदेश सरकारसंग आवस्यक पहल गरिने छ ।
- पूर्वाधार निर्माणका कार्य गर्न सहजतासंगै राजस्व संकलनमा बृद्धि गर्न काठेखोला गाउँपालिकाभित्र रहेका ढुंगा, गिटी र बालुवा संकलन गर्ने कार्यलाई ऐन तथा कार्यविधि बनाई कार्यन्वयनमा ल्याईने छ ।

**सिंचाई :**

- संघिय सरकार विशेष अनुदान मार्फत डांग्रेखोला, डोठेपाटा, पिडाल्ना सिचाई योजनाको लागि २ करोड रुपैयाँ बजेट बिनियोजन भएको अवगत गराउदै यस आ.व.मा ६५ लाख रुपैयाँ बराबरको काम सम्पन्न गरिने छ ।
- यस गाउँपालिका भित्रका खेतियोग्य जमिनमा कृषि उत्पादन बृद्धि गर्नका लागि साना तथा मझौला सिंचाइहरुको व्यवस्थापन गरिनेछ ।
- गाउँपालिका क्षेत्रको सिंचाई सम्भाव्यता अध्ययन गर्दै परम्परागत रुपमा सञ्चालित कुलोहरुलाई मर्मत संहार गर्दै आधुनिकिकरण गरी नयां सरचनामा रुपान्तरण गर्न पहल गरिनेछ ।

**भवन तथा शहरी विकास :**

सुशासन र नागरिकहरुको सेवा प्रवाहमा गाउँपालिकाको प्रशासकीय भवनको निकै नै महत्वपुर्ण भुमिका हुन्छ । समग्र काठेखालाबासी नागरिकहरुको चासो र हामी सबैका लागि निकै आवश्यक्ता रहेको गाउँपालिकाको प्रशासकीय भवन निर्माणार्थ जग्गा ब्यवस्थापनका लागि विगतमा दिनहरुमा थुप्रै प्रयासहरु हुदाहुदै पनि हालसम्म आफ्नै प्रशासकीय भवन नहुनु यो हामी सवैका लागि निकै दुखद पक्ष हो । जसका कारण नागरिकहरुको सेवा प्रवाह, सुशासन र कार्यसम्पादनमा असहज हुनु मात्र होइन स्वयम हामी माथि नै प्रश्न चिन्ह खडा भएको छ । म र मेरो नेतृत्वको स्थानीय सरकारले प्रशासकीय भवन निर्माण कार्यलाई पहिलो प्राथमिकतामा राखी सुरुवाति बर्षदेखि नै जग्गा प्राप्तिका लागि स्थलगत निरिक्षण, समुदाय तथा जग्गादाताहरुसंगको छलफल, कानुनी परामर्श लगायतका थुप्रै पहल कदमीहरु गरियो । सवै कुराले उपयुक्त रहेको सामवोट वन क्षेत्रमा गाउँपालिकाको प्रशासकीय भवन निर्माणार्थ जग्गा प्राप्तिका लागि वन समितिलाई आग्रह गरी जग्गा प्रदान गर्न सकिने लिखित निवेदन प्राप्त भएसंगै यहाँहरुलाई अवगत नै छ काठेखोला गाउँपालिकाका क्रियाशिल सम्पूर्ण राजनैतिक पार्टीहरुको सहमति सहितको निर्णय, सम्पूर्ण जनप्रतिनिधिहरुको सहमति, जग्गा व्यवस्थापन समितिको निर्णय, काठेखोला गाउँपालिका, गाउँ कार्यपालिकाको निर्णय सहित काठेखोला गाउँपालिकाको १३ औँ गाउँसभा मार्फत काठेखोला गाउँपालिका, वडा नं. ६ स्थित सामवोट सामुदायिक वन क्षेत्रमा प्रशासकीय भवन निर्माण गर्ने गरि सर्वसम्मत निर्णय भएको कुरा यहाँहरुलाई अवगत नै छ । तर त्यस क्षेत्रका नागरिकहरुको केही गुनासा, असहमति र सामवोट सामुदायिक वन उपभोक्ता समितिले नै प्रशासकीय भवनका लागि जग्गा उपलब्ध गराउन नसकिने भनि लिखित निवेदन दिएपछि हामी पछि हट्न बाध्य हुनुपर्यो । सामवोट सामुदायिक वन उपभोक्ता समितिले जग्गा उपलब्ध गराउन नसकिने व्यवहोरा सहितको निवेदन प्राप्त भएपछि मिति २०८१ माघ १४ गते कार्यपालिकाको बैठक मार्फत काठेखोला गाउँपालिकाको प्रशासकीय भवन निर्माणार्थ जग्गा प्राप्तिका लागि काठेखोला गाउँपालिका, वडा नं.-६ सुलडाँडा, राहाले र काठेखोला गाउँपालिका, वडा नं.-२ अक्षेत्ते क्षेत्रमा निशुल्क जग्गा प्राप्ति गर्न सुचना आव्हान गर्ने निर्णय गरी मिति २०८१ फाल्गुन १३ गते सुचना आव्हान गरिएको अवगत गराउदछु । सोही सुचनाको आधारमा सुलडाँडा, र अक्षेत्तेको दुइ ठाउँमा गरी तीनवटा ठाउँमा निशुल्क जग्गा उपलब्ध गराउन सकिने लिखित निवेदन प्राप्त भएको र ति तीनवटै जग्गामा मिति २०८१ चैत्र ६ गते सम्पुर्ण कार्यपालिका टीम, स्थानीय राजनैतिक पार्टीका प्रमुख एवम प्रतिनिधिहरु र स्थानीय समुदायहरु सहित स्थलगत निरिक्षण सहित बृहत अन्तरक्रिया समेत गरिएको सभा समक्ष अवगत गराउदै यसै गाउँसभाको १७ औं अधिवेशन मार्फत “**आफ्नै कार्यालय, सुगम र व्यवस्थित सेवा प्रवाह**” भन्ने उद्घोषसंगै प्रशासकीय भवनको केन्द्र टुङ्गो लगाई भवन निर्माणको कार्य अगाडी बढाइने सम्मानित सभा समक्ष अवगत गराउदछु । साथै पालिका स्तरिय अस्पताल र वहुउद्देशिय सभाहल र प्रहरी चौकीको भवनको लागि समेत आवश्यक पहल गरिनेछ ।

- पालिकाभित्र निर्माण हुने घरहरुको लगत राख्ने व्यवस्था कच्चि घर निर्माण पुर्व दर्ता गर्ने र पक्कि घरहरुका लागि नक्सा पास गरेर मात्र संरचना बनाउने नीतिलाई यस आ.व..देखि कदाईका साथ थालनी गरिनेछ ।
- पुष्पलाल मध्यपहाडी लोकमार्ग अन्तरगत पर्ने यस गाउँपालिकाको वडा नं. १, २, ५ र ६ को सम्भावित बस्तीहरुलाई नीजि क्षेत्र र स्थानिय समुदायहरु संगको सहकार्यमा नमुना सुरक्षित आवाससंगै ग्रामिण सहरको रुपमा विकास एवम विस्तार गरिनेछ ।
- काठेखोला गाउँपालिका भित्र अव बन्ने संम्रचनाहरुलाई व्यवस्थित गर्न व्यक्तिगत आवासहरुको व्यवस्थापनका लागि पक्की घर बनाउदा अनिवार्य नक्सापास गर्ने, अन्य कुनै घर टहरा निर्माण गर्दा गाउँपालिकाको स्विकृति लिने र हाल कायम रहेका घरहरुको अभिलेखिकरणका लागि सुचिकरण गर्ने नीतिलाई कदाईपुर्वक लागु गरिनेछ ।

## उर्जा :

- विगत बर्षहरुमा काठेखोला गाउँपालिकाका केही घरहरुमा गोवरग्यास जडान गरिएको जानाकारी गराउदै यस पालिकामा हुने ग्यासको आपुर्तिमा नियन्त्रण गर्दै लगिनेछ । त्यसका लागि काठेखोला गाउँपालिकामा इण्डक्सन चुलो, गोवर ग्यास लगायतमा प्रोत्साहन गरिनेछ ।
- गाउँपालिकाभित्रका स्वास्थ्य संस्थाहरुमा सञ्चालित बर्थिङ सेन्टरहरुमा सौर्य उर्जा प्रविधि जडान गरि सुत्केरी सेवा प्रवाहमा सहजता ल्याइने छ ।
- विद्युत प्रशारण लाइन तथा शाखा लाइनहरुको सुढृदिकरणमा जोड दिईनेछ ।
- वायो ग्यास निर्माणका लागि प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।
- विद्युतिय चुलो प्रयोगमा नागरिकहरुलाई प्रोत्साहन गरिने छ ।

## संचार :

- काठेखोला गाउँपालिकाको सुचना संचारलाई प्रभावकारी वनाउन सुचना तथा संचार प्रविधिमा व्यापक सुधार गर्ने नीति अवलम्वन गरिनेछ ।
- काठेखोला गाउँपालिका, वडा नं.-५ बिहुँकोट र वडा कार्यालयको पहल कदमीमा नेपाल सरकारद्धारा ब्रमलिन स्वामी परमानन्द सरस्वती महाराजको नाममा हुलाक टिकट प्रकाशन हुनु हामी सबैका लागि निकै खुसी र गर्वको कुरा हो । यसको लागि नेपाल सरकारप्रति म र सिंगो काठेखोला गाउँपालिका परिवारको तर्फबाट हार्दिक आभार एवम कृतज्ञता ब्यक्त गर्दछु ।
- काठेखोला गाउँपालिकाको विकास, परिवर्तन र समृद्धिका लागि हुने र भए गरेका गाउँपालिकाको सुचना, कार्यक्रम तथा हरेक गतिविधिहरुलाई आम नागरिकहरुको विचमा पुराउने अभिप्रायले विभिन्न सञ्चार मिडियाहरुसंगको सहकार्यमा बिगत बर्षहरु देखिनै सञ्चालनमा ल्याइएको ***काठेखोला गतिविधि*, समृद्ध काठेखोला** र **काठेखोला सन्देश** कार्यक्रम प्रकाशन तथा प्रकाशन लाई यस बर्ष पनि आवश्यक बजेट सहित निरन्तरता दिइने छ । साथै अन्य छापा तथा विद्युतिय संचार माध्यमको समेत उच्चतम प्रयोग गरि नागरिकहरुलाई सुसुचित गरिने कार्यमा विशेष ध्यान पुराइने छ ।
- हाम्रो कार्यकालमा भए गरेका काठेखोला गाउँपालिकाको हालसम्मको गतिविधिहरुलाई  कैद गरि ***काठेखोला स्मारिका*** प्रकाशन गरिनेछ ।
- नेपाल पत्रकार महासंघ बागलुङ शाखा संगको सहकार्य एवम समन्वयमा यस बर्ष एवम *बृहत काठेखोला पर्यटन पदयात्रा-२०८२* सञ्चालन गरिनेछ ।

## ४. वन, वातावरण तथा विपद व्यवस्थापन :

समाज तथा मानव जिवनमा आईपर्ने विभिन्न प्रकारका विपदजन्य प्रकोप लगायत बिपद व्यवस्थापनलाई सहजीकरण गर्न विपद व्यवस्थापन कार्यलाई थप व्यवस्थीत गर्दै विपद व्यवस्थापन कार्यविधीको आधारमा सामान्य भएपनि राहत उपलब्ध गराउदै आएको जानकारी गराउदै विपद प्रतिकार्य योजना समेत निर्माण गरि विपद व्यवस्थापनलाई अझ थप व्यवस्थित बनाउन सफल भएका छौ ।

- **'जहाँ विपद त्यहाँ काठेखोला'** को अवधारणाका साथ स्थापना भएको गाउँपालिका स्तरीय विपद कोष सञ्चालनलाई यसबर्ष थप व्यवस्थित गरि प्रभावकारी ढंगले सञ्चालन गरिनेछ ।
- भुकम्प, पहिरो, चत्याङ, आगालागी जस्ता विषयहरुमा नागरिकहरुमा सचेतना ल्याउन विपद सचेतनामुलक प्रशिक्षण तथा तालिम सञ्चालन गरिने छ ।
- विपद व्यवस्थापनका लागि खोज उद्धार टोली, दुर्त प्रतिकार्य टोली, दुर्त लेखाजोखा टोली गठन गरि उनिहरुलाई तालिम तथा प्रशिक्षणको व्यवस्था मिलाईने छ । साथै खोज उद्धार सामाग्रीहरु समेत व्यवस्थापन गरिएको र पालिका स्तरमा रहेको आपतकालिन कार्यसञ्चालन केन्द्र मार्फत र वडा स्तरमा रहेका विपद व्यवस्थापन समितिलाई परिचालन गरि विपद व्यवस्थापनको कार्य व्यवस्थित बनाईने छ ।
- बर्षायाममा हुने बाढी पहिरोले सडकमा पहिरो जाने र सडक नै अवरुद्ध हुने भएकोले गाउँपालिकामा रहेको जेसिवीलाई तयारी अवस्थामा राखिने छ ।
- विभिन्न प्रकारका विपदलाई नजिकबाट बुझ्न र यसबाट जोगिनका खातिर समुदाय स्तरमा विपदको अभ्यास नमुनाहरु प्रदर्शन गरिने छ ।
- आगमी बर्ष काठेखोला गाउँपालिकाका हरेक वडाको समुदाय स्तरमा एक भन्दा बढी बहुउपयोगी पोखरीहरुको निर्माण गरिने छ ।
- जलबायु परिवर्तन अनुकुल कार्यक्रम एवम पहिरो नियन्त्रणका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- विपद व्यवस्थापन तथा प्रतिकार्यका लागि छिटो छरिटो र सहज बनाउन आवस्यक सामाग्री खरिद गरि व्यवस्थापन गरिने छ ।
- वातावरण संरक्षण, जलवायु परिवर्तन लगायतका विषयमा जनस्तरमा चेतना अभिवृद्धि गरि अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- बाँदर नियन्त्रणका लागि सामुदायिक वन क्षेत्रमा फलफूल खेति लगाउन सामुदायिक वन उपभोक्ता समितिहरुसंग आवश्यक परामर्श गरी प्रोत्साहन गरिनेछ ।
- यस क्षेत्रमा रहेका पानीका मुहान संरक्षण, जलाधार संरक्षण, जलाशययुक्त पर्यटन पुर्वाधार निर्माण गरि जलचरहरुको संरक्षण गरिनेछ ।
- सरसफाई तथा फोहोर व्यवस्थापनका लागि तालिम, सचेतना एवम सुचना प्रवाह गरि व्यवस्थित गरिने छ ।
- बालविकास केन्द्रहरुमा फोहोर व्यवस्थापन तथा बगैचा निर्माण गरि स्वच्छता र सुन्दरतामय बालविकास केन्द्र निर्माणमा जोड दिईने छ ।
- आगमी बर्ष समुदाय तथा विद्यालय स्तरमा पुगी फोहोर व्यवस्थापन र सरसफाईको बारेमा प्रशिक्षण, तालिम सञ्चालन गरिनुका साथै पोस्टर वा भित्तेलेखन मार्फत सुचना प्रवाह गरिनेछ ।
- जलबायु परिवर्तन अनुकुलन कार्यक्रम अन्तरगत पहिरो नियन्त्रणका लागि आवस्यक तारजालीको व्यवस्थापन गरिनेछ ।

- खोला, खाल्सा, खाली प्रतिजग्गा तथा सार्वजानिक स्थलमा भएको अतिक्रमणलाई हटाई त्यस्ता स्थानहरुलाई सार्वजानिक प्रयोगमा ल्याइनेछ ।
- आगामी बर्ष सामुदायिक वन तथा सामुदायिक वन उपभोक्ता समितिहरुको अनुगमन गरि आवश्यक जानकारी लिईने छ भने समितिका पदाधिकारी तथा सदस्यहरुका लागि क्षमता विकास तालिम सञ्चालन गरिने छ । त्यसैगरि सामुदायिक वनको कार्य योजना संशोधन तथा नविकरण गर्न सहजीकरण गरिने छ ।
- आगमी बर्ष सामुदायिक वन उपभोक्ता समुह र सामुदायिक वन क्षेत्रको अनुगमन गरिनुका साथै क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

## ५. संस्थागत विकास तथा सेवा प्रवाह :

गाउँपालिकाबाट प्रवाह हुने प्रशासनिक सेवालाई जनमुखी, जवाफदेही, पारदर्शी र जनसहभागितामुलक बनाई प्रभावकारी ढङ्गले सार्वजनिक सेवा प्रवाह गरी नागरिकहरुमा सुशासनको प्रत्याभुती दिन सम्पुर्ण सुचना तथा जानकारी दिन गाउँपालिकामा प्रबक्ता र सुचना अधिकारीको ब्यवस्था गरिएको छ भने हरेक सुचना एवम गतिविधिहहरुलाई गाउँपालिकाको वेभसाइट र फेसवुक पेजमा राख्ने, स्थानीय सञ्चार माध्यमबाट प्रकाशन/ प्रशारण गर्ने, गुनासो पेटिका राख्ने जस्ता कार्यहरु भइरहेको जानाकारी गराउदछु । त्यसैगरि कार्यालयले प्रदान गर्ने सेवा प्रवाह आम नागरिकहरुलाई जानाकारीका लागि गाउँपालिका सहित प्रत्येक वडामा नागरिक वडापत्र ब्यवस्थापन गर्ने काम भइरहेको समेत जानाकारी गराउदछु । नेपाल सरकारले तोकेको सुत्र प्रणाली मार्फत राज्वस्व संकलन गरिएको जानाकारी गराउदछु ।

- गाउँपालिका भित्र ३९६० जना सामाजिक सुरक्षाका लाभग्राहीहरु रहेकोमा सामाजिक सुरक्षा भत्ता वितरण प्रक्रिया हालसम्म बैङ्किङ प्रणाली र विद्युतिय रकम रुपान्तरण पद्धति EFT प्रणाली मार्फत वितरण गरिएको छ । राष्ट्रिय परिचयपत्रसंग बायोमेटिक रुजु भएका लाभग्राहीहरुलाई मात्र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यवस्थ मिलाईनेछ । साथै सामाजिक सुरक्षा र पञ्जिकरण सम्वन्धि अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिने छ ।
- गाउँपालिकाको सेवा प्रवाह एवम कार्य सम्पादनलाई छिटोछरितो, प्रविधिमैत्री, पारदर्शी र गुणस्तरीय बनाउन सूचना तथा प्रविधिको अधिकतम उपयोग गरि नागरिकहरु खुसी हुनेगरि सेवा प्रवाहमा जोड दिइने छ ।
- काठेखोला गाउँपालिकालाई डिजिटल गाउँपालिकाको रुपमा विकास गर्नेगरि काम भएको र यसलाई पुर्णता दिन बिशेष ध्यान पुराइने छ । पालिका भित्रका शाखा, वडा कार्यलय, मातहतका कार्यालयहरुलाई काम कार्यमा प्रभावकारी ढंगले कार्यसम्पादनका लागि भौतिक संरचना, मानविय संसाधन र संचालन क्षमताको विकास गरिनेछ ।
- गाउँपालिकाको आर्थिक गतिविधि तथा शुसासनका लागि सार्वजनिक सेवा तथा क्षमता विकास समिति, लेखा समिति र शुसासन समितिलाई थप क्रियाशिल वनाइनेछ ।
- अनलाइन प्रविधिमा व्यक्तिगत घटना दर्ता, राजश्व संकलन, योजना व्यवस्थापन, लेखा प्रणाली सफ्टवयरको माध्यमबाट गरिदै आएकोमा त्यसलाई निरन्तरता दिदै डिजिटल साक्षरता अभियान समेत सञ्चालन गरिनेछ । साथै गाउँपालिको डिजिटल प्रोफाईल अध्यावधिक गरिनेछ ।
- यस पालिकाका समग्र गतिविधिमा नागरिकहरुको चासो र गुनासो सुन्न र सम्वोधन गर्नका लागि अन्तर संवाद तथा सार्वजनिक सुनुवाई कार्यक्रमलाई यस बर्ष पनि निरन्तरता दिइनेछ ।
- वित्तिय अनुशासन र शुसासनमा प्रतिवद्ध भै हाम्रो यो कार्यअवधिलाई जनताहरुले अनुभुत गर्ने गरि शुसासन युक्त पालिकाका रुपमा विकास गरिनेछ ।

- आगामी बर्ष आवश्यक पर्ने ऐन, नियम, कार्यविधिहरु निर्माण भएको अवगत गराउदै ऐन नियमावली र कार्यविधिहरुको समायुनुकुल शंसोधन गरिदै लैजाने र आवस्यक पर्ने अन्य ऐन, नियमावली र कार्यविधिहरु निर्माण गरि कार्यन्वयन गरिनेछ ।
- आन्तरिक तथा अन्तिम लेखा परिक्षणवाट औल्याइएका बेरुजु फर्छ्यौटलाई प्राथामिकताका साथ अगाडि बढाइनेछ ।
- जनप्रतिनिधि, कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न विभिन्न प्रकारका तालिमहरु सञ्चालन गरिने छ । त्यसैगरि कानुनी अभिमुखिकरण, अन्तरसम्वाद कार्यक्रम, सुचना प्रविधि र वडा सचिवहरुको लागि कर सम्वन्धि तालिम समेत सञ्चालन गरिने छ ।
- योजना उपभोक्ता समितिका पदाधिकारी एवम सदस्यहरुका लागि योजना सञ्चालन सहजीकरण तालिम सञ्चालन गरि क्षमता अभिवृद्धि गरिने छ । साथै यस बर्ष पनि योजना सम्झौता एवम फोरफारकका लागि सहजीकरण पुस्तिका, अनुसुची फारमहरु प्रकाशन समेत गरि उपभोक्ताहरुाई सहजता प्रदान गरिने छ ।
- हाम्रा नागरिकहरुको सन्तुष्टिको सर्वेक्षण गरि प्राप्त सुझावको आधारमा क्रमश सेवा प्रवाहको मानकहरुलाई सुधार गर्दै लगिनेछ ।
- गाउँपालिका भित्रका कार्यालयहरुमा सी.सी.क्यामेरा जडान तथा विद्युतिय हाँजिरको ब्यवस्था गरिने छ । साथै काठेखोला गाउँपालिकाको खहरे, अछेत्ते, विहुँ पोखरा र भ्युटावर क्षेत्रमा समेत सि.सी.क्यामेरा जडान गरीने छ ।
- जनताको सुख दुखमा संगसंगै सहयात्रा गर्ने अभिप्रायले जनतासंग जनप्रतिनिधि कार्यक्रम सञ्चालन गरिनेछ ।
- यस पालिकाको राजश्वलाई व्यवस्थापन गर्न करमा नियन्त्रण, करको दायरामा वृद्धिको नीति लिइनेछ । राजश्व संकलन तथा परिचालनका सन्दर्भमा नियमित बजार अनुगमन गरिनेछ ।
- “हाम्रो समस्या, हाम्रो समाधान” भन्ने नीति अवलम्वन गरि गाउँपालिका भित्रको न्याय सम्पादन व्यवस्थित र प्रभावकारी वनाउदै न्याय सम्पादनलाई थप व्यवस्थित गर्न मेलमिलापकर्ताहरुलाई पुर्नताजकी तालिम सञ्चालन गरि मेलमिलाप कर्ताहरुको क्षमता अभिवृद्धि गरिने छ ।
- न्याय सम्पादनमा महत्वपुर्ण भूमिका खेल्नुहुने मेलमिलाप कर्ताहरुलाई प्रोत्साहन स्वरुप पारीश्रमिकको व्यवस्था मिलाईने छ ।
- न्याय सम्पादन सम्वन्धी अन्तरपालिका न्यायीक समितिहरुको असल अनुभव आदान प्रदान गरी बागलुङ जिल्लाको न्याय सम्पादनलाई थप व्यवस्थित र प्रभावकारी बनाउने अभिप्रायले यस बर्ष बागलुङ जिल्लाका १० वटै स्थानीय तहका न्यायीक समिति, संयोजक, सदस्य र सहजकर्ता सम्मिलित न्यायीक समिति सदस्यहरुको बागलुङ जिल्ला स्तरीय तेश्रो जिल्ला सम्मेलन हाम्रै काठेखोला गाउँपालिकामा हुने जानकारी गराउदै उक्त न्यायीक सम्मेलनलाई व्यवस्थित, प्रभावकारी र काठेखोलाको पहिचान दिने गरि सम्पन्न गर्न विशेष ध्यान पुराइने छ ।
- विद्यार्थीहरुलाई कानुनी ज्ञान दिने उद्धेश्यका साथ ***विद्यार्थीहरुसंग कानुनी सम्वाद कार्यक्रम*** सञ्चालन गरिने छ ।
- न्यायीक सम्पादनलाई प्रभावकारी बनाई नागरिकहरुको न्यायमा पहुँच पुग्ने गरी न्यायीक समितिको कार्यक्रमलाई थप व्यवस्थित गरिने छ ।
- यस आ.व.मा काठेखोला गाउँपालिका न्यायीक समितिमा जम्मा २१ वटा मुद्दाहरु परेको र मेलमिलापको माध्यमबाट ९ वटा मुद्दाहरु निरुपण भएको र बाँकी १२ वटा मुद्दाहरु न्याय सम्पादनकै क्रममा रहेको व्यवहोरा जानाकारी गराउदछु ।

अन्तमा यस नीति तथा कार्यक्रम तर्जुमा कार्यमा विशेष योगदान पुऱ्याउनुहुने यस गाउँपालिकाका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत ज्यु, विषयगत समितिका संयोजक ज्युहरु, वडा अध्यक्ष एवम कार्यपालिका सदस्य ज्युहरुप्रति हार्दिक धन्यवाद एवम आभार ब्यक्त गर्दछु । अमुल्य सुझाव प्रदान गर्नुहुने स्थानीय राजनैतिक दल, अनुभव एवम सल्लाह सुझाव प्रदान गर्नुहुने यस गाउँपालिकाका निवर्तमान जनप्रतिनिधिहरु, कर्मचारी ज्युहरु, विभिन्न सरकारी तथा गैर-सरकारी संघ, संस्थाहरु, नागरिक समाज, पत्रकार मित्रहरु र आम नागरिकहरु प्रति पनि हार्दिक आभार प्रकट गर्दछु । ओठमा मुस्कान र मनमा खुसी भर्ने गुणस्तरीय सेवा र शुसासन प्रवाह गर्दै यस गाउँपालिकाको विकास, परिवर्तन र समृद्धिमा सधै सक्रिय र क्रियाशिल रहदै सिर्जनात्मक एवं रचनात्मक ढंगले काम गर्ने प्रतिबद्धता समेत जाहेर गर्दछु । काठेखोला गाउँपालिकाको विकास, परिवर्तन र समृद्धिको यात्रामा यहाँहरुसंग संगसंगै सहयात्रा गर्ने प्रतिवद्धता ब्यक्त गर्दै यस यस आ.व.मा बिनियोजन हुने योजना तथा कार्यक्रमहरुलाई प्रभावकारी ढंगले कार्यन्वयन गर्न सम्पुर्ण काठेखोलाबासी नागरिकहरुमा हार्दिक अपिल गर्दछु । काठेखोला गाउँपालिकाको आ.व.०८२/०८३ को  नीति तथा कार्यक्रम माथी रचनात्मक राय, सल्लाह, सुझावको भारी अपेक्षा गर्दछु । “कृषि, पर्यटन, शिक्षा र पूर्वाधार, समृद्ध काठेखोला निर्माणको आधार” भन्ने मुल उद्घोषलाई आत्मसाथ गर्दै समृद्ध पालिका निर्माण गर्नका लागि यहाँहरुको सक्रिय सहभागिता र सहकार्यका लागि सबैमा हार्दिक अपिल गर्दै यस कार्यमा राजनैतिक दल, जनप्रतिनिधी, शिक्षक, कर्मचारी, संचारकर्मिहरु र आम नागरिकहरुलाई काठेखोला गाउँपालिकाको नीति तथा कार्यक्रम र यस पछि आउने वजेट तथा कार्यक्रमका साथै विकास योजना २०८२/०८३ को सफल, सार्थक र उत्साहजनक कार्यान्वयनको लागि सवैको सक्रिय सहयोग एवं भूमिकाको अपेक्षा गर्दै यहाँहरु सम्पुर्णमा हार्दिक आभार व्यक्त गर्दछु । धन्यवाद ।

*०६ असार २०८२*

.................

राजु थापा

अध्यक्षी